**4. MARQ AND MEAT RESTAURANT ESTABLISHMENT FOR PROVIDING MEALS**
Pre Approval Date: 2025/11/17 Chalani No. 60247515 LOT No. 333840 City: RIYADH

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1000 | ३८,५४८/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |


अन्तरवार्ता मेनपावरको कार्यालयमा मिति: २०८२/९/०७ गते (22 Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २५९६/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | १०००० |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**KAPEEL MANPOWER PVT. LTD.**
Kupondole, Lalitpur, Nepal | G.P.O. Box: 8975 E.P.C No. 2154,
Tel: 01-5551901, 01-5180220, 9851324457, 9808872424, Fax: 977-1-5542407
Email: kapeelmanpowerpvtltd@gmail.com, Web: www.kapeelmanpower.com
Govt. Lic. No : 185/057/058

# संरक्षण पर्खाइमा खप्तड छेडेदह ताल



**डीबी विष्ट/राजधानी**
बझाङ, २८ मंसिर

बाजुराका छिमेकी जिल्लाहरू बझाङ, अछाम, डोटी मात्रै नभएर सुदूरपश्चिमका अन्य नौवटै जिल्लामा धार्मिक तथा पर्यटकीय गन्तव्य र पर्यटकीयस्थलहरू रहेका छन् । तीमध्ये धेरैजस्ता पर्यटकीय तथा धार्मिक स्थलहरू प्रचारप्रसारको अभाव र बजेट अभावका कारण संकटमा पर्दै जान थालेका छन् । कतिपय पर्यटकीय स्थलहरू सिमाना विवादका कारण ओझेलमा पर्नुका साथै संरक्षण हुन नसक्दा दिन प्रतिदिन संकटमा पर्न थालेका छन् ।

पछिल्लो समय बाजुरा जिल्लाको खप्तड छेडेदह ताल पनि यस्तै स्थितिमा पुगेको छ। आन्तरिक र बाह्य पर्यटकको मुख्य आकर्षणको केन्द्रविन्दु बन्दै गएको खप्तड छेडेदह ताल प्रचारप्रसार, सिमाना विवाद, लगानीको अभावलगायतका कारण ओझेलमा परेको देखिन्छ ।

खप्तड छेडेदह गाउँपालिका पनि यसै तालको नामबाट नामकरण गरिएको हो । खप्तड छेडेदह गाउँपालिका वडा नम्बर ४ र ७ को सिमानामा पर्ने यस तालको संरक्षणको अवस्था भने निकै चिन्ताजनक छ। यस तालको चारैतर्फ स-साना तर चिटिक्क परेका अग्लाअग्ला भू-भाग रहेका छन् भने बीचमा समतल रहेको यस ताललाई अवलोकन गर्दा जोकोहीको मन पनि लोभिने र मनलाई एकप्रकारको आनन्दमय महसुस हुने भएकाले पछिल्लो समयमा यो स्थान आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षकको केन्द्रविन्दु बन्दै जान थालेको छ ।

पर्यटकीयस्थलका रूपमा रहेको यस तालले यस क्षेत्रको मात्र नभई बाजुरा जिल्लाको नै शोभा र महिमा बढाउने सम्भावना पनि उत्तिकै बोकेको छ। तर, वडा तथा गाउँपालिकाले भनेजस्तो लगानी गर्न नसक्दा यो दिनानुदिन कुरूप बन्दै जान थालेको यहाँका स्थानीयको भनाइ र भोगाइ छ ।

यहाँका स्थानीयको मुख्य आयस्रोतको माध्यम यही ताल बनेको छ। प्रायः दैनिक तथा मासिक रूपमा सयौंको संख्यामा आन्तरिक तथा बाह्य पर्यटक यस तालको भ्रमण र अवलोकन गर्नका लागि पुग्ने गरेको यस क्षेत्रमा होटल व्यवसाय चलाउँदै आएकी खप्तड छेडेदह गाउँपालिका-४ की सुनकेशरी रावतले बताइन्। उनले प्रायः दैनिक र साप्ताहिक रूपमा यहाँ पुगेका आन्तरिक तथा बाह्य पर्यटकलाई खान-बस्नका लागि व्यवस्था गर्दै आएकी छन् ।

उनले आफूहरूले भनेजस्तो स्थानीय सरकारबाट केही पनि सहयोग नपाएको गुनासो गरिन् । उनले यस तालको संरक्षण जति मात्रामा हुनुपर्ने हो, त्यो नभएको सुनाइन् ।

यस ठाउँमा पुग्ने गरेका आन्तरिक र बाह्य पर्यटकले ल्याएका विभिन्न प्लास्टिकका बोतल, कागज र सिसा जथाभावी फाल्दा यसको स्वरूप नै बिग्रने खतरा रहेको रावतले बताइन् । उनले भनिन्, 'यहाँ पुग्ने प्रायः व्यक्ति सामूहिक रूपमै आउँछन्, कतिपयले सरसफाइ गरेर जान्छन् तर कतिपय त्यत्तिकै पनि जान्छन्, अब तालको छेउछाउमा बस्दा र रमाइलो गर्दा तालमै सिसा तथा प्लास्टिक फालिदिँदा यसले दिगो रूपमा असर गर्ने खतरा हुन्छ, पहिलेको तुलनामा अहिले तालको पानीको सतह पनि दिनानुदिन कम हुँदै गएको र सुक्दै गएको अनुभूति हुन थालेको छ ।'

उनले सरोकारवाला निकायले समयमै चासो नदिने हो भने ताल सुक्नुका साथै फोहोर नै फोहोर भएर खप्तड छेडेदह नै कुरूप बन्ने खतरा रहेको बताइन् ।

साथै, रावतले आफ्नो मासिक रूपमा न्यूनतम ३०-३५ हजार रुपैयाँ चोखो कमाइ हुने गरेको समेत सुनाइन् ।

यहाँ पिकनिक खानेहरू बढीजस्तो सहभागी हुने गरेका र सबैभन्दा बढी चाडपर्वको समयमा घुम्न र रमाइलो गर्न आउनेहरूको संख्या बढी हुने गरेको बताउँदै उनले भनिन्, 'यहाँका नागरिकको आम्दानीको मुख्य स्रोत नै अहिले यो ताल बनेको छ ।'

यहाँ पुगेका पर्यटकले भात खाँदा र नास्ता गर्दा कुनै दिन ४०-५० हजार रुपैयाँ पनि हुने गरेको उनले बताइन् । कुनै समय महिनाभरिमा पनि सुक्को कमाइ नहुने गरेको पनि उनको भनाइ छ ।

वडा नम्बर ४ कै स्थानीय विमल रावतले यो ताल निकै संकटमा रहेको बताए। उनले भने, 'बर्सेनि तालको एक छेउबाट पहिरो खसिरहन्छ, पहिरो जान थालेको १५-२० वर्ष भयो, पहिरोले दिनानुदिन विकराल रूप लिँदै गइरहेको छ तर पहिरो रोकथामका लागि भने कहीँ कतैबाट पनि पहल हुन सकेको छैन, अब त तालनजिकै पहिरो पुगिसकेको छ ।

स्थानीयवासी विमल रावतले समयमै सरोकारवाला निकायले ध्यान नदिए सुन्दर रहेको यो स्थान मरुभूमिजस्तै देखिने र कुरूप हुनका लागि कुनै समय नै नलाग्ने बताए। उसो त यस क्षेत्रको संरक्षण कसले गर्ने भन्ने अन्योलता नागरिकबीच पनि छ। वडा नम्बर ४ ले यस स्थानलाई आफूहरूको क्षेत्रभित्र पर्ने दाबी गर्छ भने वडा नम्बर ७ ले पनि यो क्षेत्र आफ्नो भन्दै दाबी गर्दै आएको छ ।

दुवै वडाका स्थानीय बासिन्दाबीच भएको मतभेद पनि यस क्षेत्रको संरक्षणमा तगारो बनेको पाइन्छ । यसको समस्या समाधानका लागि दुवै वडाका स्थानीय बासिन्दा एकैठाउँमा बसेर तालको संरक्षण गर्नु अहिलेको आवश्यकता देखिन्छ ।

यस क्षेत्रका लागि समयसमयमा प्रदेश सरकारले कनिका छरेजस्तै कहिले ५ लाख, कहिले २-४ लाख रुपैयाँ बजेट विनियोजन गरेर यहाँका नागरिकलाई भुल्याउने काम गरेको पाइन्छ । सो लगानी यस क्षेत्रका लागि कागलाई बेल पाक्यो हर्ष न बिस्मात भने जस्तै भएको छ। यस क्षेत्रको संरक्षणका लागि खप्तड छेडेदह गाउँपालिकाले पनि समयसमयमा सामान्य बजेट विनियोजन गरेको देखिन्छ । यस तालको वरिपरि पीसीसी बाटो निर्माण गरिनुका साथै घेरबारसमेत निर्माण गरिएको छ । तर, पूरा भने भएको पाइँदैन ।

गाउँपालिकाको निश्चित बजेट हुने भएका कारण भनेजस्तो एकैपटक लगानी लगाउन सकिने अवस्था पालिकाको नरहेको खप्तड छेडेदह गाउँपालिकाका अध्यक्ष दिलबहादुर रावतले बताए । उनले भने, 'यस ठाउँको संरक्षणका लागि हाम्रो पालिकाबाट धेरै प्रयास भएका छन्, हामीले शौचालय निर्माणदेखि घेरबार, होमस्टेसमेत निर्माण गरेका छौं तर सो ठाउँमा गरेको लगानी वर्ष दिन नपुग्दै खेर जाने भएका कारण समस्या हुने गरेको छ ।'

उनले अब पालिकाले नै पहल गरेर दुवै गाउँका समाजसेवी, जनप्रतिनिधि, गन्यमान्य बुद्धिजीवी, सबैलाई सँगै राखेर छलफल अघि बढाई विवादको विषयलाई टुंगो लगाई तालको संरक्षणका लागि पालिका अघि बढ्ने बताए ।

यस क्षेत्रका लागि निर्माण गरिएको शौचालय पनि प्रयोगविहीन अवस्थामा छ । पानीको समेत व्यवस्था छैन । यस्तै, निर्माण गरिएको होमस्टेको अवस्था पनि उस्तै छ । बाहिरी जिल्लाबाट आउने पर्यटक तथा पिकनिक खानका लागि यस स्थानमा पुग्नेहरूका लागि राखिएका भाँडाकुँडा सबै चोरी भएर केही पनि बाँकी नरहेको स्थानीयको भनाइ छ । अहिले बाहिरबाट यहाँ पुग्नेहरू प्रायःले भाँडाकुँडा नै बोकेर जान्छन्। भाँडाकुँडा बोकेर नगएकाले नजिकै रहेको होटलबाट सहयोग माग्ने गरेका छन् ।

गाउँपालिकाका अध्यक्ष दिलबहादुर रावतले यस क्षेत्रको विकासका लागि डीपीआर गरेर प्रदेश सरकार र संघीय सरकारसँग आवश्यक बजेट माग गर्दै आएको बताए ।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमल शाहलाई यसै ठाउँमा पुर्‍याएर ठाउँको अवस्थाबारे जानकारी गराएको पनि उनले बताए। आफूहरूले गाउँपालिकाबाट कार्यपालिकाको बैठकदेखि गाउँपालिकाको सभाबाट समेत वर्षेपिच्छे प्रदेश सरकार र संघीय सरकारसँग आवश्यक बजेट माग गर्ने गरेको भए पनि अहिलेसम्म आश्वासनबाहेक केही पनि नपाएको बताए ।

गाउँपालिकाका अध्यक्ष रावतले यस तालमा गाउँपालिकाले माछासमेत राखेको तर यहाँका केही व्यक्तिले बिहान तथा राति कोही पनि नभएको समयमा माछा मार्ने गरेको गुनासो पालिकामा आएको बताए । उनले यस ठाउँको विकासका लागि यहाँका जनप्रतिनिधि र कर्मचारी मात्रै लागेर नहुने भएका कारण सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्ने बताए ।

# अंग्रेजी ल्याब : भाषा सिकाइसँगै विद्यार्थीको कला प्रस्फुटन केन्द्र

**ईश्वर थापा/राजधानी**
धनकुटा, २८ मंसिर

ग्रामीण क्षेत्रका अधिकांश सामुदायिक विद्यालयका लागि अंग्रेजी विषय सधैं 'टाउको दुखाइ' बन्ने गरेको छ। शिक्षक अभाव, सिकाइ सामग्रीको कमी र विद्यार्थीको कमजोर आधारले अंग्रेजी शिक्षण चुनौतीपूर्ण मानिन्छ।

तर, धनकुटाको चौबिसे गाउँपालिका-६ राजारानीमा रहेको पुण्य माध्यमिक विद्यालयले यो धारणा बदल्दै अंग्रेजी विषय समस्या होइन, अवसर बन्नसक्ने उदाहरण प्रस्तुत गरेको छ । विद्यालयले ३ वर्षअघि सञ्चालनमा ल्याएको इंग्लिस ल्याब आज विद्यार्थीको अंग्रेजी सुधार गर्ने मात्र होइन, उनीहरूको सिर्जनशीलता र कलात्मक क्षमता उजागर गर्ने प्रभावकारी माध्यम बन्दै गएको छ।

विद्यालय परिसरभित्र रहेको एक सुसज्जित कोठा अहिले विद्यार्थीको आकर्षणको केन्द्र बनेको छ। कोठाभित्र पस्दा विद्यार्थीले आफैं निर्माण गरेका विभिन्न कलाकृति, चार्ट, परियोजना कार्य, जीवनी, सजावटका सामग्री देख्न सकिन्छ । विशेष के छ भने ती सबै सामग्रीको परिचय, व्याख्या र प्रस्तुति अंग्रेजी भाषामै गरिएको छ । विद्यार्थी खाली समयमा ल्याबमा पुगेर आफूलाई आवश्यक पर्ने कुरा पढ्ने, अभ्यास गर्ने र नयाँ कुरा सिक्ने गर्छन् । त्यसैले यो कोठा प्रायः विद्यार्थीले भरिएको देखिन्छ । विद्यालयले सञ्चालनमा ल्याएको ल्याबले विद्यार्थीलाई अंग्रेजी सिकाइ तथा आफ्नो कला प्रस्तुत गर्न धेरै फाइदा पुगेको कक्षा ११ का विद्यार्थी निशान याम्फू राईले बताए। यस्तै, अंग्रेजी ल्याबले फुर्सदको समयमा अंग्रजी विषयलाई धेरै सहयोग गरेको कक्षा १२ की विद्यार्थी मालती लिम्बुले बताइन्। विशेषगरी, ल्याबले व्याकरण सिकाइमा सहजता भएको लिम्बुको भनाइ छ।

विद्यालयका अंग्रेजी शिक्षक बद्री बजगाईंले ३ वर्षअघि यो अभ्यास सुरु गरेका हुन्। उनका अनुसार ल्याबमा अंग्रेजी भाषाका चारै सीप (सुन्ने, बोल्ने, पढ्ने, लेख्ने) र चारै पक्ष (व्याकरण, शब्द भण्डार, उच्चारण, प्रयोग) समेटिनेगरी शिक्षक तथा विद्यार्थीले तयार पारेका सामग्री राखिएका छन् । यहाँ पाठ्यक्रममा समावेश गरिएका सबै क्रियाकलाप प्रयोगात्मक अभ्यासमार्फत गराइन्छ । राष्ट्रिय विभूति, देश-विदेशका व्यक्तित्वदेखि गाउँपालिकाबाट राष्ट्रलाई योगदान पुर्‍याएका व्यक्तिसम्मको जीवनी विद्यार्थीले नै तयार पारेका छन् । ती सबै सामग्री अंग्रेजीमै प्रस्तुत गरिएको छ । सिकाइलाई रोचक, जीवन्त र व्यावहारिक बनाउने, अनि भाषालाई कलासँग जोडेर प्रयोग गर्ने उद्देश्यले यसको सुरुवात गरिएको शिक्षक बजगाईं बताउँछन् ।

यी क्रियाकलापले विद्यार्थीको शैक्षिक गुणस्तरमा उल्लेख्य सुधार ल्याएको विद्यालयको दाबी छ । विशेषगरी, कमजोर मानिने अंग्रेजी विषयमा सिकाइ उपलब्धि उल्लेख्य रूपमा बढेको छ । गत वर्षको एसईई परीक्षामा अंग्रेजी विषयमा ९४ दशमलव ७ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए। गाउँपालिकाका अन्य विद्यालयभन्दा फरक सिकाइ शैली देखिएपछि हाल यस विद्यालयमा विद्यार्थीको चापसमेत बढ्दै गएको विद्यालयले जनाएको छ। अनुकरणका लागि अन्य विद्यालयका शिक्षकले समेत अवलोकन भ्रमण गर्ने गरेको विद्यालयका प्रधानाध्यापक युवराज कटुवालले बताए। विद्यालयले इंग्लिस ल्याबका अतिरिक्त राष्ट्रिय विज्ञान दिवसलगायतका अवसरमा विद्यार्थीले तयार पारेका सामग्रीको बृहत् शैक्षिक प्रदर्शनी र प्रतियोगितासमेत आयोजना गर्दै आएको छ।


"Access to All"

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था

**Head Office:** Kathmandu-02, Lazimpat, **Call Center:** 01-5970179
**Email:** info@garimabank.com.np, **Website:** www.garimabank.com.np

## INTEREST RATES OF DEPOSIT & LOAN PRODUCTS

**Effective from 2082.09.01 (December 16, 2025)**

**A. Deposit Products**

**1. Call, Current & Saving Products**

| S. No. | Account Name | Minimum Balance (Rs.) | Interest Rate(% p.a) |
|---|---|---|---|
| 1 | Current Account* | 5,000.00 | 0 |
| 2 | Margin Account | N/A | 0 |
| 3 | Call Account (Corporate/Financial Institution) | 5,000.00 | Up to 1.37 |
| 4 | Anibarya Bachat Khata | - | 2.75 |
| 5 | Home Employee Saving Account | - | 2.75 |
| 6 | Janakalyan Bachat Khata | - | 2.75 |
| 7 | Mero Share Bachat Khata | 500.00 | 3.75 |
| 8 | Garima Five in One Bachat Khata | 1,000.00 | 3.00 |
| 9 | Super Saving | 5,000.00 | 2.75 |
| 10 | Staff Saving | - | 2.75 |
| 11 | General Savings Account | 500.00 | 2.75 |
| 12 | Garima Shuva Lava Saving Account | 10,000.00 | 2.95 |
| 13 | Garima Dampati Saving Account | 10,000.00 | 2.95 |
| 14 | Foreign Remittance Saving Account | 1,000.00 | 4.75 |
| 15 | Sworojgar Bachat Khata | 500.00 | 2.75 |
| 16 | Foreign Employment IPO Account | 1,000.00 | 4.75 |
| 17 | Garima PMS Account | - | 3.75 |
| 18 | Garima Green Saver Saving Account | 500.00 | 3.75 |
| 19 | All Other Saving Account Products | 100.00 | 2.75 |

**2. Fixed Deposit Products**

| Category | Account Name | Tenure | Interest Payment Frequency | Interest Rate (% p.a) |
|---|---|---|---|---|
| Individuals | **Fixed Deposit** | 3 Months to Below 6 Months | Quarterly | 2.75 |
| | **Fixed Deposit** | 6 Months to Below 1 Year | Quarterly | 2.75 |
| | **Fixed Deposit** | 1 Year to Below 2 Years | Quarterly | 3.00 |
| | **Fixed Deposit** | 2 Years to Below 5 Years | Quarterly | 4.00 |
| | **Fixed Deposit** | 5 Years and Above | Quarterly | 5.55 |
| | **Sunaulo Bhabisya Baal Nikchhep Yojana** | - | Quarterly | 3.00 |
| | **Recurring Deposit** | - | Quarterly | 3.00 |
| | **Garima Swornim Nikchhep Yojana** | - | Quarterly | 3.00 |
| | **Garima Surakshit Nikchhep Yojana**** | - | Quarterly | 2.75 |
| | **Garima Surakshit Nikchhep Yojana**** | - | Maturity | 3.00 |
| Institutions | **Fixed Deposit** | 6 Months to Below 1 Year | Quarterly | 2.75 |
| | **Fixed Deposit** | 1 Year to Below 2 Years | Quarterly | 2.75 |
| | **Fixed Deposit** | 2 Years to Below 5 Years | Quarterly | 3.00 |
| | **Fixed Deposit** | 5 Years and Above | Quarterly | 4.60 |

*Minimum balance of Rs. 500 only to customers doing transactions through electronic medium.
**Conditions applied

**3. FCY Deposits**

| S.N | Account Name | Interest Rate (% p.a.) |
|---|---|---|
| 1 | Saving Accounts | Up to 2.00% |
| 2 | Fixed Deposit Accounts | Up to 3.00% |

**B. Interest Rate on Loan & Advances**

| S. No. | Name of the Loan Product | Proposed Premium % over Base Rate (p.a.) |
|---|---|---|
| 1 | Hire Purchase Loan | 2.00% to 4.00% |
| 2 | Auto Loan | 1.00% to 3.00% |
| 3 | Business Loan (Term) | 0.50% to 2.50% |
| 4 | Business Loan (Cash Credit) | 0.50% to 2.50% |
| 5 | Education Loan | 1.00% to 3.00% |
| 6 | Housing Loan | 1.00% to 3.00% |
| 7 | Personal Loan/Professional Loan | 2.50% to 4.50% |
| 8 | Agriculture Loan | 1.00% to 3.00% |
| 9 | Real Estate Loan | 1.00% to 3.00% |
| 10 | Loan against Share | 1.00% to 3.00% |
| 11 | SME Loan | 0.50% to 2.50% |
| 12 | Bridge Gap Loan | 2.00% to 4.00% |
| 13 | Deprived Sector Lending | 2.00% to 4.00% |
| 14 | Gold Loan | 2.00% to 4.00% |
| 15 | Mortgage Loan | 1.00% to 3.00% |
| 16 | Garima Aawas Karja | Up to 2.00% |
| 17 | Microfinance Wholesale Lending | Up to 2.00% |
| 18 | Force Loan | 5.00% |
| | **Average Base Rate (Kartik End 2082)** | **6.23%** |
| **S.No.** | **Name of Product** | **Interest Rate (% p.a.)** |
| 1 | Loan Against Fixed Deposit | Coupon Rate + Premium up to 2% |
| 2 | Consortium Loan | As per Consortium Agreement |

**C. Fixed Rate (p.a.)**

| Particulars | Up to 7 years | 7-10 years | 10-15 years | Above 15 Years |
|---|---|---|---|---|
| Home Loan/SME Loan | 11.99% to 13.25% | 11.99% to 13.50% | 11.99% to 13.75% | 11.99% to 13.99% |
| Hire Purchase/ Auto Loan | 15.25% to 16.00% | 15.25% to 16.00% | - | - |
| Personal Term/ Mortgage/ Demand Loan | 14.00% to 15.75% | 14.25% to 16.00% | 14.50% to 16.00% | 14.75% to 16.00% |

**Notes:**
1. For Remittance Fixed Deposit, 1% additional rate shall be provided.
2. Interest Rate on Credit Card shall be as per Standard Tariff Charges.


# पाँचखाल खानेपानी आयोजना अन्तिम चरणमा

**रासस**
काभ्रेपलाञ्चोक, २८ मंसिर



निर्धारित समयसीमाभन्दा ३ वर्षपछि निर्माणाधीन पाँचखाल-सुनकोशी खानेपानी आयोजना अन्तिम चरणमा पुगेको छ। अन्तिम चरणअन्तर्गत पाँचखाल नगरपालिकाका ६ हजार परिवारमा खानेपानी पुर्‍याइएको छ। यससँगै आयोजनाबाट यहाँका ३१ हजार नागरिक लाभान्वित हुनेछन् ।

विविध कारण समयसीमाभन्दा ३ वर्षपछि आयोजना निर्माण सकिन लागेको हो। निर्माणाधीन सो आयोजनाको भौतिकतर्फ करिब ९९ प्रतिशत प्रगति हासिल भएको आयोजना कार्यालयले जनाएको छ ।

गत वर्षको असोजमा आएको बाढीपहिरोले क्षतिग्रस्त बनेपछि आयोजनाको मर्मत एवं पुनर्निर्माण गरिएको खानेपानी उपभोक्ता समितिका अध्यक्ष कुमार लामिछानेले बताए ।

साथै, सुनकोशी नदीस्थित स्रोतबाट पानी ल्याएर पाँचखाल-९ डाँडागाउँस्थित ३९ लाख लिटर क्षमताको पानी प्रशोधन केन्द्र तथा ओभरहेड ट्यांकीमा पानी संकलन गरी परीक्षण सकेर औपचारिक रूपमा लक्षित बस्तीसम्म वितरण गरिएको उनले जानकारी दिए ।

'थपिएकासमेत केही परिवारमा पानी पुर्‍याउन थप अनुसन्धान भइरहेको छ, आयोजना अन्तिम चरणमा पुगेकाले पुस दोस्रो सातासम्म पूर्ण रूपमा सञ्चालनमा ल्याउने लक्ष्य राखेका छौं,' लामिछानेले भने । उनका अनुसार स्रोतबाट पूर्ण क्षमतामा प्रतिसेकेन्ड ८४ लिटरका दरले पानी प्रशोधन केन्द्रमा ल्याई उपभोक्ताका घरमा पानी पठाइएको छ।

उपभोक्ता समितिले गत वर्षको असोजमा पहिलो चरणमा खानेपानी दिलाउने योजना बाढीपहिरोले मुहान क्षेत्रमा डुबान गर्नुका साथै करिब ७५ मिटर घेरा तथा पर्खाल भत्काएको, ४८ स्थानमा वितरण पाइप तथा केही संरचनामा १ करोड ७० लाख रुपैयाँ क्षति पुर्‍याएपछि योजना असफल भएको थियो ।

दातृ निकायसँगको समन्वयमा समयावधि थप्दै आयोजना सफल बनाइएकामा समितिले औपचारिक रूपमा उद्घाटन गर्न भने बाँकी रहेको जनाएको छ ।

आयोजनाको कार्य अन्तिम चरणमा पुगेसँगै प्रतिघण्टा ३ लाख २ हजार ४ सय लिटर पानी सहज रूपमा तान्न सकिने समितिका अध्यक्ष लामिछानेले जानकारी दिए। उनका अनुसार आयोजनाको लक्ष्यअनुसार लगातार २० घण्टा पानी तान्दा ६० लाख ४८ हजार लिटर पानी उपभोग गर्न सकिनेछ ।

आयोजनाअन्तर्गत भौतिकतर्फ सुनकोशी नदीकिनारमा ६ वटा इनार, चार-चार लाख लिटर क्षमताका दुईवटा पानी संकलन ट्यांकी, ३ लाख लिटरको ओभरहेड ट्यांकी, १० वटा नयाँ वितरण ट्यांकी, ६ ब्रेक प्रेसर ट्यांकी र १५ वटा पालेघर निर्माण सम्पन्न भएका छन् ।

त्यस्तै, पाँचवटा जेनेरेटर राख्ने घर, ट्यांकी वरपर पर्खाल तथा तारबार लगाउने, ६ किलोमिटर पानीको मुख्य प्रसारण लाइन, ३७ किमी शाखा प्रसारण लाइनमध्ये ३५ किमी, २ सय ३० किमी वितरण पाइप लाइनमध्ये २ सय २० किमीको काम सम्पन्न भएको समितिले जनाएको छ । हाल कुल ६ हजार ३७ धारा सञ्चालनमा आएका छन् ।

सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना, नगर विकास कोष, पाँचखाल नगरपालिका र खानेपानी उपभोक्ताबीच २०७९ माघ मसान्तसम्म सम्पन्न गर्नेगरी १५ असार २०७७ मा निर्माण कम्पनीसँग सम्झौता भएको थियो ।

आयोजनाको काम कोरोना संक्रमण, मेलम्चीमा आएको बाढी तथा गत असोजको बाढीपहिरोका कारण पूर्वाधारमा क्षति पुर्‍याएपछि लम्बिएको हो ।

पाँचखाल नगरमा खानेपानी व्यवस्थापन गर्न भुम्लु गाउँपालिका-१० विमिरेस्थित सुनकोशी नदीकिनारमा इनार तथा लिफ्टिङ प्रविधिका भौतिक पूर्वाधार निर्माण गरिएको समिति अध्यक्ष लामिछानेले बताए ।

उनका अनुसार १ अर्ब ४७ करोड ४३ लाख ६० हजार रुपैयाँको लागतमा निर्माण सम्पन्न हुने आयोजनाबाट पाँचखाल नगरपालिका-२, ३, ४, ६, ७, ८, ९, १०, ११ र १२ का ६ हजार ३७ घरका ३१ हजार ४ सय १५ जना नागरिक लाभान्वित भएका हुन् ।

दैनिक प्रतिव्यक्ति १ सय ९२ दशमलव शून्य ५ लिटर पानी उपभोग गर्न पाउने प्रक्षेपण गरिएको आयोजना कार्यालयले जनाएको छ । यस आयोजनाबाट सन् २०४० सम्म ४५ हजार नागरिक लाभान्वित हुने प्रक्षेपण गरिएको हो ।

सम्झौताअनुसार दातृ निकाय, नेपाल सरकारसहित उपभोक्ताको ५ प्रतिशत परिवारले प्रतिपरिवार १८ हजार रुपैयाँका दरले रकम बुझाएका हुन् ।


त्यस्तै, आयोजनाका लागि सम्झौताअनुसार २ सय १४ विपन्न वर्गका उपभोक्ताले भने स्थानीय सहकारी संस्थाबाट ऋण लिई खानेपानीका लागि रकम बुझाएका छन् ।

# घोषणापत्रकेन्द्रित लोकतन्त्र



ललितकुमार यादव
lkskeshariaaryan@gmail.com

- **नेपालमा घोषणापत्रको इतिहास २०४७ सालपछि बहुदलीय प्रणाली स्थापना भएपछि सुरु भएको हो। सुरुवात दलहरूले विस्तृत कार्यक्रमसहितको नीति घोषणाबाट भएको हो। पछिल्लो समय शिक्षा, स्वास्थ्य, औद्योगिक विकास, भ्रष्टाचार मुक्त शासन, संघीय संरचनाको सुधारजस्ता विषय घोषणापत्रमा समावेश हुँदै आएका छन्। तर, दुई दशकमा घोषणापत्रका अधिकांश बुँदा आंशिक रूपमा मात्र कार्यान्वयन हुन सकेको पाइन्छ।**
- **राजनीतिक दलले घोषणापत्रलाई चुनावी रणनीति मात्र नभई वास्तविक नीतिसम्मत कार्यक्रमका रूपमा लिने र कार्यान्वयन गर्ने जिम्मेवारी बहन गर्नुपर्छ। मतदाताले सचेत भएर घोषणापत्रको तुलनात्मक अध्ययन र विश्लेषणका आधारमा निर्णय लिनुपर्छ। सञ्चारमाध्यम, शिक्षा प्रणाली र नागरिक समाजले जनचेतना बढाउँदै स्थानीयस्तरमा घोषणापत्रलाई सार्वजनिक बहस र निगरानीको विषय बनाउन सक्नुपर्छ। यसले मतदाता र जनप्रतिनिधिबीचको सम्पर्क र पारदर्शिता बढाउँदै लैजान्छ।**
- **घोषणापत्रको प्रभावकारिता बढाउन मतदाताको भूमिका निर्णायक छ। जिम्मेवार मतदाताले घोषणापत्र पढ्छ, प्रश्न सोध्छ, तुलना गर्छ र नीतिगत बहसका आधारमा निर्णय लिन्छ। ग्रामीण क्षेत्रका मतदातालाई विशेषगरी घोषणापत्र सरल भाषामा बुझाउने, सार्वजनिक बहस र संवादका माध्यमबाट पहुँचमा पुर्याउन आवश्यक छ।**



नेपालको लोकतान्त्रिक यात्रा अनेक उतारचढावले भरिएको छ। २०४७ सालमा बहुदलीय प्रणाली स्थापना, २०६२/६३ सालको जनआन्दोलन, २०६५ सालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना, २०७२ सालमा नयाँ संविधान जारी र हालै जेनजी विद्रोहपछिको राजनीतिक परिवर्तनसम्मको यात्राले स्पष्ट रूपमा देखाउँछ कि लोकतन्त्र मतदान र निर्वाचनमै सीमित छैन। यसले नागरिकको सक्रिय सहभागिता, नेतृत्वको जवाफदेहिता, पारदर्शिता र नीतिसम्मत निर्णय आवश्यक ठान्छ। यस सन्दर्भमा लोकतन्त्रमा घोषणापत्रको भूमिका महत्त्वपूर्ण देखिन्छ।

घोषणापत्र कागजी दस्तावेज मात्र नभई राजनीतिक दल वा उम्मेदवारले मतदातालाई दिएको लिखित वचन हो। यसमा शिक्षा, स्वास्थ्य, आर्थिक विकास, सुशासन, न्याय, पर्यावरणजस्ता सार्वजनिक हितका विषयबारे नीति, योजना र प्रतिबद्धता स्पष्ट रूपमा समावेश गरिएका हुन्छन्। यसले मतदाता र निर्वाचित प्रतिनिधिबीच सामाजिक समझदारी तथा सम्झौता निर्माण गर्ने कार्य गर्छ। मतदाताले घोषणापत्रका आधारमा दल वा उम्मेदवारको नीति, दृष्टिकोण र प्राथमिकताबारे सूचित हुने अवसर पाउँछन्। मतदानमा उचित निर्णय लिने आधारका रूपमा प्रयोग गर्छन्।

घोषणापत्रले लोकतन्त्रमा सूचित निर्णय, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। मतदाताले विभिन्न दलको घोषणापत्रको तुलनात्मक अध्ययन गरी आफ्नो मूल्यबोध, आवश्यकता र सामाजिक स्वार्थसँग मेल खाने उम्मेदवार चयन गर्छन्। यसले केवल भावनात्मक मतदान नभई तर्कसंगत निर्णयसाथ मतदान गर्न सहयोग पुर्याउँछ।

निर्वाचनपछि जब दल वा उम्मेदवार सत्तामा पुग्छ, घोषणापत्रले नागरिक समाज, सञ्चारमाध्यम र जनतालाई सरकारको कार्यको आलोचनात्मक मूल्यांकन गर्ने वैधानिक आधार प्रदान गर्छ। यसले दलको प्रतिबद्धता र कार्यसम्पादनको मापदण्ड तयार पार्छ।

नेपालमा घोषणापत्रको इतिहास २०४७ सालपछि बहुदलीय प्रणाली स्थापनापछि सुरु भएको हो। सुरुवात दलहरूले विस्तृत कार्यक्रमसहितको नीति घोषणाबाट भएको हो। पछिल्लो समय शिक्षा, स्वास्थ्य, औद्योगिक विकास, भ्रष्टाचारमुक्त शासन, संघीय संरचनाको सुधारजस्ता विषय घोषणापत्रमा समावेश हुँदै आएका छन्। तर, दुई दशकमा घोषणापत्रका अधिकांश बुँदा आंशिक रूपमा मात्र कार्यान्वयन हुन सकेको पाइन्छ।

राजनीतिक अस्थिरता, संस्थागत कमजोरी, राजनीतिक दलहरूको इमानदारितामा कमी र उत्तरदायित्व अभाव मुख्य कारण रहेका छन्। दल घोषणापत्र तयार त गर्छन्, तर कार्यान्वयनमा उदासीन रहन्छन्। यसको प्रत्यक्ष प्रभाव दलप्रतिको मतदाताको विश्वासमा परेको देखिन्छ।

मतदाताको व्यवहार पनि घोषणापत्रको प्रभावमा महत्त्वपूर्ण छ। सहरी क्षेत्रका मतदाता डिजिटल र प्रिन्ट माध्यमबाट घोषणापत्र अध्ययन गर्छन् भने ग्रामीण क्षेत्रका मतदाताले अक्सर संक्षिप्त सारांश र प्रचार सामग्रीको भर पर्छन्। यसले घोषणापत्रको प्रभावकारिता कमजोर बनाउने काम गरेको छ। सञ्चारमाध्यम, सामाजिक सञ्जाल र स्थानीयस्तरको सार्वजनिक बहसमार्फत घोषणापत्र सजिलै बुझ्न र पहुँचयोग्य बनाउन आवश्यक छ।

घोषणापत्रलाई केवल चुनावी दस्तावेजबाट बाध्यकारी राजनीतिक दस्तावेज बनाउन कानुनी र संस्थागत सुधार अपरिहार्य छ। निर्वाचन आयोग र संसद्ले घोषणापत्र कार्यान्वयन अवस्था अनुगमन गर्ने स्पष्ट कार्यविधि विकास गर्नुपर्छ। प्रत्येक सरकारले आफ्नो कार्यकाल समाप्त भएपछि घोषणापत्र कार्यान्वयनसम्बन्धी विस्तृत प्रतिवेदन संसद् र निर्वाचन आयोगमा पेस गर्नुपर्ने बाध्यकारी कानुन बनाएर कार्यान्वयनमा लानुपर्छ।

वार्षिक रूपमा घोषणापत्र कार्यान्वयन अवस्थाबारे संसद्मा समीक्षा र बहसको व्यवस्था मिलाउन आवश्यक छ। कानुनी ढाँचा तयार गरेर घोषणापत्र कार्यान्वयन नगरेको खण्डमा निश्चित राजनीतिक वा कानुनी कारबाहीको भागिदार हुनुपर्ने सुनिश्चित गर्नुपर्छ।

राजनीतिक दलले घोषणापत्रलाई चुनावी रणनीति मात्र नभई वास्तविक नीतिसम्मत कार्यक्रमका रूपमा लिने र कार्यान्वयन गर्ने जिम्मेवारी बहन गर्नुपर्छ। मतदाताले सचेत भएर घोषणापत्रको तुलनात्मक अध्ययन र विश्लेषणका आधारमा निर्णय लिनुपर्छ। सञ्चारमाध्यम, शिक्षा प्रणाली र नागरिक समाजले जनचेतना बढाउँदै स्थानीयस्तरमा घोषणापत्रलाई सार्वजनिक बहस र निगरानीको विषय बनाउन सक्नुपर्छ। यसले मतदाता र जनप्रतिनिधिबीचको सम्पर्क र पारदर्शिता बढाउँदै लैजान्छ।

पछिल्लो समय नेपालमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको संरचना लागू हुनुपर्ने बहस चलेको छ। यसको विकल्पमा निर्वाचनअघि नै प्रधानमन्त्रीको उम्मेदवार घोषणा गर्नुपर्ने र विजय भएपछि सोही उम्मेदवार प्रधानमन्त्री हुने सुनिश्चित गरिएको 'मोडेल' अपनाउन सकिन्छ। संसारका धेरै संसदीय व्यवस्था भएका मुलुकमा पार्टी नेतामार्फत प्रधानमन्त्रीको उम्मेदवारलाई अग्रिम रूपमा चिनाउने प्रचलन छ। यसबाट मतदातालाई प्रधानमन्त्रीबारे अग्रिम सूचना प्राप्त हुन्छ र सम्भावित प्रधानमन्त्रीलाई हेरेर मतदान गर्न केही सहज हुन्छ। निर्वाचनअघि नै प्रधानमन्त्रीको उम्मेदवार घोषणाले अप्राकृतिक गठबन्धनको राजनीति, अविश्वासको संस्कृति र अस्थिर नेतृत्वजस्ता समस्या धेरै हदसम्म घट्नेछ। त्यसबेला घोषणापत्रको महत्त्व अझ केन्द्रमा आउँछ। प्रधानमन्त्रीको उम्मेदवारले आफ्नो कार्यक्रम र लक्ष्य विस्तृत रूपमा जनतासमक्ष प्रस्तुत गर्नुपर्छ। निर्वाचनपछि सोही उम्मेदवारले घोषणापत्रमा उल्लिखित कार्यक्रम कार्यान्वयन गर्नुपर्छ। यसले व्यक्तिगत र संस्थागत जवाफदेहिता बलियो बनाउँछ।

घोषणापत्रको प्रभावकारिता बढाउन मतदाताको भूमिका निर्णायक छ। जिम्मेवार मतदाताले घोषणापत्र पढ्छ, प्रश्न सोध्छ, तुलना गर्छ र नीतिगत बहसका आधारमा निर्णय लिन्छ। ग्रामीण क्षेत्रका मतदातालाई विशेषगरी घोषणापत्र सरल भाषामा बुझाउने, सार्वजनिक बहस र संवादका माध्यमबाट पहुँचमा पुर्याउन आवश्यक छ। यसले मात्र लोकतान्त्रिक परिपक्वता र स्थिरता सुनिश्चित गर्ने आधार तयार गर्न सक्छ।

भविष्यमा घोषणापत्र आधारित राजनीतिक संस्कृति विकास गर्नैपर्छ। यसको विकल्प अरू केही हुन सक्दैन। दलले आफ्नो प्रतिबद्धता इमानदारीपूर्वक कार्यान्वयन गरेर जनविश्वास पुनर्स्थापित गर्नुपर्छ।

टेलिभिजन बहस, डिजिटल क्याम्पेन, उम्मेदवार मतदाता संवाद, स्थानीयस्तरमा सार्वजनिक सभा र बहस आदि प्रभावकारी बनाउनुपर्छ। घोषणापत्र केवल वाचा होइन, यो राजनीतिक नैतिकता र अनुशासनको परीक्षा पनि हो। यदि, यसको महत्त्व बुझाइन्छ र पालना गरिन्छ भने नेपालको लोकतन्त्रले दीर्घकालीन स्थायित्त्व र परिपक्वता प्राप्त गर्नेमा कुनै शंका रहँदैन।

घोषणापत्र नेपालको लोकतान्त्रिक यात्रामा संवाद, जवाफदेहिता र सुशासनको आधार हो। मतदाता र राजनीतिक दलबीचको लिखित सम्झौता मात्र नभई राजनीतिक नैतिकताको परीक्षण पनि हो। यसको प्रभावकारिता बढाउन कानुनी र संस्थागत सुधार, राजनीतिक दलको प्रतिबद्धता, मतदाताको सचेत निर्णय र सञ्चारमाध्यम तथा नागरिक समाजको सक्रिय भूमिका अपरिहार्य छ। यसले राजनीतिक उत्तरदायित्त्व, पारदर्शिता र दीर्घकालीन लोकतान्त्रिक स्थायित्व सुनिश्चित गर्न मद्दत गर्छ। घोषणापत्र वाचाभन्दा कार्यमा आधारित, लोकप्रियताभन्दा नीति निर्देशित, अस्पष्ट भावनाभन्दा तथ्यमा आधारित हुनुपर्छ। यस बाटोबाट मात्र नेपालको उत्तरदायी, प्रगतिशील र दीर्घकालीन स्थिर लोकतन्त्रको नयाँ अध्याय सुरु गर्न सकिन्छ।

जनताले नीति पढ्छन्, नेतृत्वले नीति पूरा गर्छ, राज्यले नीतिगत निरन्तरता सुनिश्चित गर्छ, अनि मात्र लोकतन्त्रले स्थायित्व पाउँछ। घोषणापत्रको सबल कार्यान्वयनबाट मात्र लोकतन्त्रको गुणस्तरमा सुधार ल्याउन सकिन्छ। घोषणापत्र कार्यान्वयनको उपाय लोकतन्त्र सुधारको उपाय पनि हो।

*(लेखकको यो निजी विचार हो।)*

प्रेरक प्रसंग

## डुंगा र किनारा



एक दिन भगवान् गौतम बुद्ध आफ्ना शिष्यहरूसँग नदीकिनारमा उभिए। नदी चौडा र त्यसको बहाव तीव्र थियो।

त्यसैबीच एक शिष्यले सोध्यो, 'भगवान्, यो संसारको दुःखबाट पार हुने सबैभन्दा सही उपाय के हो ?'

भगवान् बुद्धले नदीतर्फ देखाउँदै भने, 'मानौं कि तिमीले यो नदी पार गर्न डुंगा बनायौ। किनारा पार गरेपछि के तिमी डुंगा बोकेर हिँडिरहन्छौ ?'


शिष्यले भन्यो, 'होइन, डुंगा नदी तरेपछि काम सकेपछि छोडिन्छ।'

त्यसपछि बुद्धले मुस्कुराउँदै भने, 'धर्म पनि डुंगाजस्तै हो। दुःख पार गर्न प्रयोग गरिन्छ, तर त्यसैमा अड्किएर बस्न होइन।'

भगवान् बुद्धको कुरा सुनेर शिष्यहरू मौन भए। उनीहरूले बुझे, 'आशक्ति, चाहे त्यो धर्मकै किन नहोस् ? मुक्तिको बाधक बन्न सक्छ। ज्ञान साधन हो, बोझ होइन। आशक्ति छोड्न सकेपछि नै साँचो मुक्ति सम्भव हुन्छ।'

नीति कथा

## खुलामञ्च र बन्द कान



निर्वाचन नजिकिरहेको थियो। राजधानीको मुख्य चोकमा ठूलो मञ्च बनाइयो। नेताहरू पालैपालो आएर जनतासामु भाषण गर्दै थिए। मञ्च खुला थियो, माइक ठूलो थियो, तर नेताका कान भने बन्द थिए।

त्यसैबीच एक वयोवृद्ध किसान मञ्चमुनि उभिएर भन्न थाले, 'हाम्रो खेतमा पानी छैन, सडक छैन, छोराछोरी रोजगारीका लागि विदेश जान बाध्य छन्।'

ती वृद्धाको कुरा सुनेर नेताले मुस्कुराउँदै उत्तर दिए, 'चिन्ता नगर्नुहोस् बा, हाम्रो घोषणापत्रमा सबै समस्याको समाधान उल्लेख छन्।'

त्यसै सभामा एउटी युवतीले भनिन्, 'हामी पढेलेखेका छौं, तर काम छैन।'

नेताले दायाँबायाँ केही नसोची फेरि उही वाक्य दोहोर्याए, 'सबै समाधान घोषणापत्रमै छ।'

चुनाव सकियो। नेताहरूले जिते। सुन्दर मञ्च भत्काइयो। तर, किसानको खेत अझै सुक्खा थियो, युवती अझै बेरोजगार थिइन्।


केही वर्षपछि अर्को चुनाव आयो। उही मञ्च, उही भाषण, उही वाचा र खोक्रा प्रतिबद्धता। तर यसपटक जनता चुपचाप थिए। कसैले ताली बजाएनन्, कसैले प्रश्न गरेनन्। मतदानको दिन धेरैजसो जनता घरमै बसे।

नेताहरूले हार स्वीकार गर्दा पहिलोपटक सोचे, 'सायद मञ्च खुला थियो, तर मैले जनताका आवाज सुन्ने कान बन्द गरेको रहेछु।'

जनताका मौन उत्तर नेताले बल्ल बुझे, 'लोकतन्त्रमा बोल्ने मञ्च मात्र खुला हुनु पर्याप्त छैन, सुन्ने कान पनि खुला हुनुपर्छ। वाचा होइन, काम नै जनताको विश्वास रहेछ।'

के तपाईंलाई थाहा छ ?

## विश्वकै छोटो कथा





तपाईं पत्याउनुहुन्छ ? प्रकाशनमा आएकामध्ये विश्वकै सबैभन्दा छोटो कथा मात्र ६ शब्दको छ। अर्नेस्ट हेमिङ्वेद्वारा लिखित यस कथाको शीर्षक हो, **For sale : baby shoes, never worn.**

यद्यपि, यस विषयमा केही बहस रहे पनि ६ शब्दमै सिध्याइएको यस कथामा विख्यात साहित्यकार अर्नेस्ट हेमिङ्वेले आशा, पीडा, मौन दुःखजस्ता अनुभूति उतारेका छन्।

छोटो वाक्य भए पनि यसले पाठकलाई आफ्नै कथाको अर्थ राख्न बाध्य बनाउँछ। यही नै कथाको शक्ति हो।

कथा प्रायः अर्नेस्ट हेमिङ्वेसँग जोडिन्छ। भनिन्छ, उनले सन् १९२० तिर साथीहरूसँग बाजी राख्नेक्रममा ६ शब्दको कथा लेखेका थिए। तर, यसको प्रमाण भने भेटिएको छैन। कथासँग हेमिङ्वेको सम्बन्धको सबैभन्दा पुरानो उल्लेख सन् १९९१ मा उनको मृत्युको ३० वर्षपछि मात्रै भेटिएको थियो।

विश्व इतिहासमा आजको दिन



१५ डिसेम्बर १९३९ मा हलिउडको ऐतिहासिक चलचित्र **Gone with the Wind** अमेरिकामा सार्वजनिक प्रदर्शन गरिएको थियो। यसलाई विश्वकै सबैभन्दा चर्चित 'क्लासिक' चलचित्रमध्ये एक मानिन्छ।

बेलाको बोली

## कुशासन र भ्रष्टाचार चरमबिन्दुमा पुगेको र 'जेनजी विस्फोट' भएको हो



**• महावीर पुन**
मन्त्री
**शिक्षा, विज्ञान तथा प्रविधि**

कसैलाई पनि जागिर वा रिक्त स्थानमा नियुक्तिका लागि मलाई अनुरोध नगर्न आग्रह छ। यस्तो किसिमको अनुरोध नै नेपालमा कुशासन र भ्रष्टाचारले जरा गाड्नुको प्रमुख कारण रहेको स्पष्ट पार्न चाहन्छु।

कसैले पनि 'फलानो ठाउँमा यस्तो जागीर वा स्थान खाली रहेछ, लौ न मन्त्रीज्यू भनिदिनुस् न' भनेर अनुरोध नगर्नुहोला। नेपालमा कुशासन र भ्रष्टाचारले जरो गाडेको प्रमुख कारण नै यही हो।

नेताहरूले व्यक्तिगत र पार्टीको स्वार्थका लागि नियम कानुन मिचेर अनैतिक तरिकाले चाकरीका भरमा लोभीपापी र अयोग्य व्यक्तिहरूलाई उच्च पदहरूमा नियुक्त गरेका कारण नै कुशासन र भ्रष्टाचार चरमबिन्दुमा पुगेको र 'जेनजी विस्फोट' भएको हो।

*(मन्त्री पुनको फेसबुक पेजबाट साभार)*

लेख-रचना-प्रतिक्रियाका लागि इमेल गर्नुहोस्
bicharrajdhani@gmail.com

पृष्ठ १ बाट क्रमशः

## एमाले ११औं...

वरिष्ठ उपाध्यक्ष पोखरेलले ओली दुईपटक गरेर ११ वर्ष पार्टीको अध्यक्ष भइसकेको र पटक-पटक गरेर ६ वर्ष प्रधानमन्त्री बनिसकेको भन्दै अब गर्न बाँकी केही पनि नरहेको बताए । '११ वर्ष पार्टी अध्यक्ष हुनुभयो, ६ वर्ष प्रधानमन्त्री हुनुभयो, अब उहाँले गर्नुपर्ने नयाँ काम केही बाँकी छ जस्तो लाग्दैन,' वरिष्ठ उपाध्यक्ष पोखरेलले भने । उनले अहिले आमपरिस्थितिलाई बुझेर ओलीले अभिभावक भएर बस्दा राम्रो हुने बताए । पोखरेलले ओलीलाई आफ्नो अवधारणा पढ्न सुझाउँदै साथ र समर्थनको अपेक्षा रहेको बताए । ११औं महाधिवेशनमा ओली र पोखरेलले अध्यक्षमा प्रतिस्पर्धा गर्ने घोषणा यसअघि नै गरिसकेका छन् ।

**युवराज र अष्टलक्ष्मीले बिदा लिँदा नैतिक संकटमा ओली**

एमालेको जारी ११औं महाधिवेशनका बीचमै उपाध्यक्षद्वय युवराज ज्ञवाली र अष्टलक्ष्मी शाक्यले कुनै पदमा उम्मेदवारी नदिई सक्रिय राजनीतिबाट बिदा लिने घोषणा गरेका छन् । ज्ञवाली र शाक्यको घोषणासँगै नैतिक संकटमा केपी शर्मा ओली परेका छन् । ७० वर्षे उमेरहद र कार्यकारी पदमा दुई कार्यकाल बस्न नहुने आवाज विगतमा ओलीले उठाउँदै आएका थिए । सोहीअनुसार ओली नवौं र १०औं महाधिवेशनबाट अध्यक्ष भए । तेस्रो कार्यकालका लागिसमेत अध्यक्ष हुन ओलीले आफूअनुकूल विधान संशोधन गराए । तर, उपाध्यक्षद्वय ज्ञवाली र शाक्यले भने आफूहरू ७० वर्ष उमेर पुगिसकेकाले सक्रिय राजनीतिबाट बिदा लिएको घोषणा गरेका छन् । यद्यपि, पार्टीमै रहेर पार्टीलाई निरन्तर सहयोग, साथ, समर्थन जारी नै रहने उनीहरूले जनाएका छन् । ७० वर्ष उमेर हदका कारण ज्ञवाली र शाक्यले बिदा लिए पनि ७४ वर्ष उमेर पुगिसकेका ओलीले भने सक्रिय राजनीतिबाट बिदा नलिई तेस्रो कार्यकालका लागि अध्यक्षमा प्रतिस्पर्धा गर्ने तयारी थालेका छन् ।

**पाण्डे र अर्यालबीच प्रतिस्पर्धा**

उपाध्यक्षमा प्रतिस्पर्धा गर्ने चर्चा चल्दैगर्दा अष्टलक्ष्मी शाक्यले निर्वाचन नलड्ने घोषणा गरेसँगै अब एमालेमा महिला उपाध्यक्षका लागि बिन्दा पाण्डे र पद्मा अर्यालबीच प्रतिस्पर्धा हुने भएको छ । कुनै राजनीतिक परिवर्तन नभएको खण्डमा अब पाण्डे र अर्यालका बीचमा महिला उपाध्यक्षका लागि प्रतिस्पर्धा हुनेछ । अर्याल हाल सचिव र पाण्डे स्थायी कमिटी सदस्य छन् । अर्यालभन्दा पाण्डे पार्टीमा लामो समय महिला सहभागिताको विषयमा काम गरेकी व्यक्ति हुन् । विगतमा वामदेव गौतम समूहमा रहेकी अर्याल भूमि व्यवस्था तथा सहकारीमन्त्री हुँदा चुच्चेनक्सा जारी गरेर चर्चामा आइन् । तर, गिरिबन्धु टी-इस्टेटको पक्षमा कानुन बनाएको भन्दै उनी अहिले पनि आलोचनामा परिरहन्छिन् ।

## 'विधान महाधिवेशन'...

काठमाडौं भृकुटीमण्डपमा सुरु ११औं महाधिवेशनको बन्दसत्रमा केन्द्रीय सदस्य समिति चयनका लागि क्लस्टरसम्बन्धी व्यवस्था पारित गरिएको छ । बन्दसत्रबाट पारित क्लस्टरसम्बन्धी प्रस्तावमा प्रत्येक प्रदेशबाट एक युवा, तीन महिला र पाँच खुलासहित नौ जनाका दरले चयन गरिने व्यवस्था पारित भएको छ । एमालेले भौगोलिक ७ प्रदेश र उपत्यकालाई विशेष प्रदेश गरी आठवटा प्रदेश संगठनको मान्यता दिएको छ ।

प्रदेश निर्वाचन क्षेत्रबाट ७२ जनासँगै देशभरिबाट खुला प्रतिस्पर्धामार्फत १ सय २५ जना केन्द्रीय सदस्य निर्वाचित हुनेछन् । महिला क्लस्टरबाट ५२ र युवा दुई जना हुनेछन् । एमालेले आदिवासी जनजातितर्फ २५ केन्द्रीय सदस्य रहनेगरी क्लस्टर छनोट गरेको छ । जनजातितर्फको संख्यालाई पनि उपक्षेत्रगत विभाजन गरी महिला ८, युवा दुई आरक्षित गरी खुलाबाट १५ आदिवासी जनजाति नेता चयन हुने व्यवस्था गरिएको छ । मधेशी क्लस्टरबाट २० केन्द्रीय सदस्य निर्वाचित हुनेछन् । जसमा २ युवा, ६ महिला र १२ खुला मधेशी नेता चयन हुनेछन् । प्रवासबाट दुई जना केन्द्रीय सदस्य रहने व्यवस्था छ । जसमा भारतबाट १ र अन्य मुलुकबाट १ जना चयन हुनेछन् । एमालेले श्रमिकबाट ३ जना केन्द्रीय सदस्य निर्वाचित हुने व्यवस्था गरेको छ । यसमा पनि खुलाबाट दुई र महिला एक जना आउनेछन् । अपांगता भएका व्यक्तिबाट खुला प्रतिस्पर्धामार्फत एक जना केन्द्रीय सदस्य निर्वाचित हुनेछन् ।

दलिततर्फ १२ जना केन्द्रीय सदस्य निर्वाचित हुने व्यवस्था गरिएको छ । यसमा खुलाबाट ७, महिलाबाट ४ र युवाबाट १ जना चयन हुनेछन् । थारू समुदायबाट ८ जना केन्द्रीय सदस्य चयन हुनेछन् । यसमा खुलाबाट ५ र महिला ३ जना निर्वाचित हुने व्यवस्था गरिएको छ ।

मुस्लिम समुदायबाट ५ केन्द्रीय सदस्य रहने व्यवस्था छ, जसमा खुलाबाट ४ र महिलाबाट १ जना चुनिनेछन् । पिछडिएको क्षेत्रबाट दुई जना केन्द्रीय सदस्य आउनेछन् । यसमा पनि खुलाबाट एक र महिलाबाट एक केन्द्रीय सदस्य चयन हुने व्यवस्था गरिएको छ ।

## 'अपग्रेड'...

महाधिवेशनबाट केन्द्रीय सदस्य बन्नका लागि केही युवालाई प्रतिनिधिले जोडतोडले साथ दिएका छन् । एमालेभित्रका सेलिब्रेटी महाधिवेशन प्रतिनिधिजस्तै बनेका काठमाडौं महानगरपालिकाकी उपमेयर सुनिता डंगोल, इलाम-२ का सांसद सुहाङ नेम्वाङ, प्रवासका नेता डा. भेषराज थापा, युवासंघका अध्यक्ष क्षितिज थेबे, पूर्वअध्यक्ष वचनबहादुर सिंह, युवा नेतृ क्रान्ति बुर्लाकोटी, युवासंघमा पराजित भएका सुमन पुरी, अखिलका पूर्वअध्यक्ष समिक बडाल, अखिल नेतृ सुनिता अधिकारी, कल्पना वाइवा, आरसी लामिछानेलगायत रहेका छन् । यस्तै, चर्चित वकिल राधिका खतिवडा, जुम्लाकी नेतृ मेनका पछाई, दैलेखकी कल्पना थापा, बागमती प्रदेशका सचिव नवराज सिलवाल, जाजरकोटका नारायण घर्तीलगायतका नेतालाई पनि केन्द्रीय सदस्य भएर पार्टी हाँक्न प्रतिनिधिहरूले हौसला दिइरहेका छन् ।

## नयाँ पुस्ता...

महाधिवेशनको बन्दसत्रमा प्रस्तावित निर्वाचन कार्यतालिकाको मस्यौदामा ४० वर्षमुनिका युवालाई केन्द्रीय कमिटीमा प्रवेश गराउने अलग्गै क्लस्टर व्यवस्था नभएका कारण विधान संशोधन सम्भव नभए कसरी युवालाई सुरक्षित गर्ने भन्ने विषयमा समेत एमाले नेतृत्व तहले परामर्श सुरु गरेको छ । एमालेले विधानमा जेसुकै भए पनि महाधिवेशन प्रतिनिधिका हकमा ४० वर्षमुनिका लागि युवा क्लस्टर तोकेरै महाधिवेशन प्रतिनिधि छनोट गरेको थियो । महाधिवेशनमा विशेष प्रस्ताव गर्दै युवाका लागि ५ प्रतिशत अर्थात् १५ जना केन्द्रीय सदस्य चयन गरिने 'क्लस्टर'सम्बन्धी प्रस्ताव पारित गरिएको छ ।

## विशेषको...

यस्तै, पशुपन्छी बजार प्रवर्धन निर्देशनालय हरिहरभवन ललितपुरका तत्कालीन कार्यक्रम निर्देशक बलराम थापा क्षेत्रीसमेतका प्रतिवादीलाई साँफेबगर-५ अछामको पशु हाटबजार निर्माण प्रकरणमा पनि विशेषले सफाई दिएपछि आयोग पुनरावेदनका लागि सर्वोच्च गएको हो । आयोगले सो आयोजनामा ४४ लाख ४२ हजार ८ सय ६१ रुपैयाँ बिगो कायम गरेको थियो । आयोगले विद्यालय व्यवस्थापन समितिले विद्यालयमा तलब हिनामिना गरेको मुद्दामा समेत सर्वोच्चमा पुनरावेदन गरेको छ । देउराली माध्यमिक विद्यालय कालीगण्डकी-१ हर्मीचौर गुल्मीका व्यवस्थापन समिति अध्यक्ष नगेन्द्रप्रसाद सापकोटालाई ८ लाख ८७ हजार ८ सय ८० रुपैयाँ भ्रष्टाचार गरेको भन्दै विशेष अदालतमा मुद्दा दायर गरेको थियो ।

आयोगले भ्रष्टाचारसम्बन्धी उजुरीका आधारमा विशेष अदालतमा मुद्दा दायर गर्ने गरेको छ । विशेषले आरोपित पक्षलाई जिताइदिएर मुद्दा खारेज गरेको अवस्थामा वा आरोपितलाई सफाइ दिएको अवस्थामा आयोग पुनरावेदनका लागि सर्वोच्च अदालतमा जाने व्यवस्था रहेको छ । पछिल्ला समयमा आमरूपमा अख्तियारले छानबिन गरेन भन्ने आक्रोश बढिरहेको छ भने अख्तियारले भने विशेषले सफाइ दिएर अन्याय गरेको आरोप लगाइरहेको छ ।

## संरक्षणभन्दा पूर्वाधारलाई...

अध्ययनको नेतृत्वकर्ता दयाराज सुवेदीले सन् २००५ पछि विश्वव्यापी रूपमा प्रचलित 'इकोसिस्टम सेवा'को अवधारणा नेपाली नीतिमा शब्दमै सीमित रहेको र यसको नकारात्मक पक्ष अर्थात् 'इकोसिस्टम डिससर्भिस'लाई कानुनी रूपमा लगभग बेवास्ता गरिएको बताए ।

**संरक्षणभन्दा पूर्वाधारलाई प्राथमिकता**

अध्ययनले नेपालका पछिल्ला संरक्षण नीतिहरू पूर्वाधारमैत्री बन्दै गएको उल्लेख गरेको छ । संरक्षित क्षेत्रभित्र वा आसपास जलविद्युत्, सडक, प्रसारण लाइनजस्ता ठूला परियोजनालाई अनुमति दिने नीतिगत प्रबन्धहरू बढ्दै गएको पनि अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

विशेषगरी संरक्षित क्षेत्रको जमिन पूर्वाधारसँग साटफेर गर्ने कार्यविधि र सर्वोच्च अदालतबाट लाङटाङ खोलाको जलविद्युत् आयोजना अगाडि बढाउन दिइएको फैसलालाई अध्ययनले 'व्यावसायीकृत संरक्षण'तर्फको संकेतका रूपमा व्याख्या गरेको छ । अनुसन्धानकर्ताहरूका अनुसार यस्ता निर्णयले छोटो अवधिमा आर्थिक लाभ देखिए पनि दीर्घकालीन रूपमा स्थानीय समुदायको जीविकोपार्जन, सुरक्षा र वातावरणीय सन्तुलनमा नकारात्मक असर पार्नसक्छ ।

अध्ययनले संरक्षण क्षेत्रसँगै बसोबास गर्ने समुदायले दैनिक जीवनमा भोग्ने अनेकौं समस्यालाई नीतिले नसमेटेको उल्लेख गरेको छ । बाली नष्ट हुनु, पशु चौपाया मर्नु, जंगली जनावरको आक्रमण, आगलागी, रोगको जोखिम र परम्परागत जीविकामाथि लगाइने प्रतिबन्ध सबै 'इकोसिस्टम डिससर्भिस' हुन्, तर कानुनी रूपमा प्रस्ट रूपमा परिभाषित छैनन् । उदाहरणका लागि, गौरीशंकर संरक्षण क्षेत्रमा परम्परागत रूपमा गरिँदै आएको ढुंगा उत्खननलाई संरक्षणको नाममा रोक लगाइँदा स्थानीयको आम्दानीको मुख्य स्रोत खोसिएको छ । तर, त्यसको वैकल्पिक व्यवस्था वा क्षतिपूर्ति प्रणाली प्रभावकारी रूपमा लागू हुन सकेको छैन ।

नेपालले बाघको संख्या तीनगुणा बढाएर विश्वकै लागि उदाहरणीय सफलता हासिल गरेको छ । तर, यही सफलतासँगै गम्भीर मानवीय मूल्य चुकाइएको अध्ययनले देखाएको छ । बर्दिया राष्ट्रिय निकुञ्जमा मात्रै पछिल्ला ५ वर्षमा बाघको आक्रमणबाट ३६ जनाको मृत्यु भएको तथ्यांकले सुरक्षा संयन्त्र कति कमजोर छ भन्ने स्पष्ट पार्छ । वनमा निर्भर समुदायका लागि जोखिम न्यूनीकरण, सुरक्षित आवतजावत, चेतावनी प्रणाली र पर्याप्त क्षतिपूर्तिको अभावले संरक्षणप्रति आक्रोश बढ्न थालेको अध्ययनको निष्कर्ष छ ।

**संरक्षण र समुदायबीच सन्तुलन आवश्यक**

अध्ययनका प्रमुख लेखक सुवेदी भन्छन्, 'संरक्षणसम्बन्धी कानुनले द्वन्द्व त स्वीकार गर्छ तर समुदायले भोग्ने व्यापक लागतलाई चिन्दैन, प्रकृतिका फाइदा र लागत दुवैलाई स्वीकार नगरी संरक्षणलाई दीर्घकालीन रूपमा टिकाउ बनाउन सकिँदैन ।' उनका अनुसार योजना निर्माणमै इकोसिस्टम सेवा र डिससर्भिसलाई समेट्न सकेमा संरक्षणमा लगानीको औचित्य सामाजिक हिसाबले पनि पुष्टि गर्न सकिन्छ ।

सह-लेखक तथा नेदरल्यान्ड्सको ग्रोनिन्जेन विश्वविद्यालयका डा. प्रजाल प्रधानले यस अध्ययनको विश्वव्यापी सान्दर्भिकता औंल्याउँदै भने, 'इकोसिस्टमका फाइदा र भारलाई कानुनी रूपमा बाध्यकारी ऐनमा समावेश गर्दा मात्रै आदिवासी र स्थानीय समुदायको अधिकार सुरक्षित हुन्छ, नेपालको अनुभव विकास र संरक्षणबीच सन्तुलन खोजिरहेका सबै देशका लागि महत्त्वपूर्ण पाठ हो ।'

**कानुनी संरचनामा देखिएको कमजोरी**

अध्ययनले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लगायतका मूल कानुनी दस्तावेजमा इकोसिस्टम सेवा र डिससर्भिसको स्पष्ट परिभाषा र मूल्यांकन प्रणालीको अभाव रहेको जनाएको छ ।

सन् २००५ पछि अन्तर्राष्ट्रिय स्तरमा जैविक विविधता र वातावरणीय सेवाको मूल्यांकनबारे बहस बढे पनि नेपालका नीतिमा यो अवधारणा स्पष्ट रूपमा कार्यान्वयन हुन सकेको छैन । यसले गर्दा स्थानीय उपयोग अधिकार, पर्यटन, जैविक संरक्षण र मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणबीच समन्वय कमजोर बनेको अध्ययनको ठम्याइ छ ।

**समावेशी संरक्षणतर्फको बाटो**

अध्ययनले नेपालको संरक्षण मोडल अझै पनि संरक्षणवादी रहेको निष्कर्ष निकालेको छ । अब समय आइसकेको छ, जहाँ संरक्षणलाई केवल वन्यजन्तु र वन जोगाउने विषय होइन, मानिस र प्रकृतिबीचको न्यायपूर्ण सम्बन्धका रूपमा बुझिनुपर्छ । बहुआयामिक मूल्यांकन, स्थानीय ज्ञान र समुदायको सहभागिताबिना संरक्षण दिगो हुन नसक्ने अनुसन्धानकर्ताको ठम्याइ छ ।

संरक्षणको अग्रपंक्तिमा उभिएका समुदायको न्याय र सुरक्षालाई केन्द्रमा राखेर नीति सुधार नगरेसम्म नेपालको संरक्षण सफलता नै दीर्घकालीन रूपमा जोखिममा पर्नसक्ने चेतावनी अध्ययनले दिएको छ । नेपालको संरक्षण नीतिको भविष्य अब पूर्वाधार र जैविक विविधताबीचको मात्र होइन, समुदाय र न्यायबीचको सन्तुलनमा निर्भर रहने अध्ययनले स्पष्ट सन्देश दिएको छ ।

# कम्बोडिया र थाइल्यान्ड सीमा क्षेत्रको झडप दोस्रो सातामा प्रवेश

**कम्बोडिया/एजेन्सी-** कम्बोडिया र थाइल्यान्डबीच नयाँ सीमा भिडन्त आइतबार दोस्रो सातामा प्रवेश गरेको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले घातक लडाइँ रोक्न युद्धविराम गर्ने सहमति भएको बताए पनि थाई प्रधानमन्त्रीले यसलाई खण्डन गर्दै लडाइँ जारी रहेको बताएका छन् ।

औपनिवेशिक कालको ८ सय किलोमिटर (५ सय माइल) लामो सीमामा सीमांकन विवादका कारण जारी द्वन्द्वले लगभग ८ लाख मानिसलाई विस्थापित गरेको अधिकारीले बताएका छन् । 'लडाइँ जारी रहेकामा मलाई दुःख लागेको छ, म यहाँ ६ दिनदेखि बस्दै आएको छु,' ६३ वर्षीय सिन लिपले आइतबार कम्बोडियाको सीमावर्ती प्रान्त बन्तेय मिनचेयस्थित एक उद्धार केन्द्रमा भने, 'म लडाइँ बन्द होस् भन्ने चाहन्छु ।'

आक्रमणमा परी कम्तीमा २५ जनाको मृत्यु भएको छ, जसमा १४ थाई सैनिक र ११ जना कम्बोडियाली नागरिक रहेका छन् । दुवै पक्षले एक-अर्कालाई झडप भड्काएको, सर्वसाधारणमाथि आक्रमण गरेको र आत्मरक्षाका लागि लडिरहेको दाबी गरेका छन् ।


**Kalaiya Sub Metropolitan City**
**Office of Municipal Executive**
**Kalaiya, Bara**
**Madhesh Province, Nepal**

**Invitation for Online Bids**

**Date of Publication: 2082/08/29 (15th Dec, 2025)**

1. Kalaiya Sub Metropolitan City, Kalaiya, Bara invites electronic bids from eligible Nepalese bidders for the following works and supply of goods:

| S. N. | Contract No. | Name of Contract | Cost of Bidding Documents NRs (Not refundable) | Estimate amount with VAT & PS | Bid Security Amount (NRs.) / Validity Period |
|---|---|---|---|---|---|
| 1 | KSMC/NCB/GOODS/ENV-01-082/83 | Supply and Delivery of Milking Buffalo for KSMC Ward No-26 | 3000 | 19526400.00 | 432000/ 120 days |
| 2 | KSMC/NCB/WORKS-04-082/083 | Improvement Works for Buffalo shade at KSMC Ward No-26 | 3000 | 6422784.11 | 143000/ 120 days |

2. For Further Details bidders are requested to visit our website www.kalaiyamun.gov.np or visit PPMO eGP System www.bolpatra.gov.np/egp.
3. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

***Chief Administrative Officer***

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सुर्खेत
**सडक डिभिजन जुम्ला**

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धि सूचना**

(सूचना प्रकाशित मितिः २०८२/०८/२९)

यस सडक डिभिजनको सूचना नं. ०८२/८३-०२ र ०८२/८३-०३ मार्फत क्रमशः मितिः २०८२/०६/०५, २०८२/०६/१० को प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार तपसिलका बोलपत्रदाताहरुले पेश गरेका बोलपत्र सारभूत रुपमा प्रभावग्राही र न्यूनतम मूल्यांकित रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सोहि ऐनको दफा २७ को उपदफा (२) र (३) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| S. N. | Contract Number | Descriptions of Work | Name and address of Contractor | Quoted Amount NRs. (Including VAT & PS) |
|---|---|---|---|---|
| 1 | RDJML/337011384/082/83-07 | Roadway excavation works including retaining structure and drainage works along Pina-Jhyari-Salleri section of Tharmare-Chaurjahari-Jajarkot Khalanga-Jumla KudariMugu Rara Road, Rara Highway (NH-56), Mug | M/S Prabhat-Upama JV, Mugu | Rs. 16,267,847.25 |
| 2 | RDJML/337310113/082/83-12 | Periodic maintenance works along Dahikhola-Khulalu road section (NH58-015) and Khulalu-Ghodena road section (NH61-004), Kalikot | M/S D. Laligurans-Sagar JV, Kalikot | Rs. 28,696,744.79 |
| 3 | RDJML/337310113/082/83-13 | Periodic maintenance works along Ghodena-Nagma road section (NH61-004), Kalikot | M/S Khadka and Son Construction Pvt. Ltd., Jumla | Rs. 42,730,034.70 |

**नि. डिभिजन प्रमुख**

**Tarakeshwor Municipality**
**Office of The Municipal Executive**
**Dharmasthali , Kathmandu**
**Bagmati Province, Nepal**

**Invitation for Bids**

**(Date of Second Publication: 2082/08/29 (15th December, 2025)**

1. Tarakeshwor Municipality, Office of the Municipal Executive invites Sealed quotation electronic bids from eligible bidders for the procurement of following (described on the table) under procedures specified in public Procurement Act and Regulations.

| Contract no./ID | Description of Works | Total Estimated Amt. (With VAT for Vatable Items) Nrs. | Bid Security Amt. (Nrs.) | Bid validity /bid security/period | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|---|
| TARA/09/SQ/082-083 | Construction Works of Ward 11 Office Building Maintenance | 19,27,698.09 | 50,000.00 | 45/75 days | 1,000.00 |

2. Bidding document is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp. Interested bidders should register in the e-GP system and deposit the cost of bidding document in the following specified bank.
   **Information of bank account**
   i. **Name of the Bank:** NIC Asia Bank Manamaiju, Kathmandu
   ii. **Name of Office:** Tarakeshwor Nagarpalika Office
   iii. **Rajaswa Khata No :** 0172050029446002
   iv. **Dharauti Khata no:** 17CA501509524006
3. Interested bidders for Sealed Quotation should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 2082/09/16 (31th December, 2025) 12:00 hours.
4. Sealed Quotation Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2082/09/16 (31th December,2025) 13:00 hours at the office of Tarakeshwor Municipality, Dharmasthali, Kathmandu Tarakeshwor, Kathmandu, Nepal.
5. For more information, contact at 9851263111, 9841423004, 9860205120.

**Chief Administrative Officer**

**सुन चाँदी**

छापावाल प्रतितोला - रू. २,५८,८००/-

चाँदी प्रतितोला - रू. ३,८२५/-

(यो दर आइतबारको हो)

■ सिन्हाले सम्हाले पर्यटनमन्त्रीको पनि जिम्मेवारी

# हिमाली क्षेत्रको फोहोर व्यवस्थापन गर्ने पहिलो निर्णय

**राजधानी समाचारदाता**
काठमाडौं, २८ मंसिर



अनिलकुमार सिन्हाले उद्योग, वाणिज्य तथा आपूर्ति, कानुन, न्याय तथा संसदीय मामिलासहित आइतबारबाट संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको जिम्मेवारीसमेत सम्हालेका छन् ।

पर्यटन मन्त्रालयको जिम्मेवारीसमेत सम्हालेका मन्त्री सिन्हाले हिमाली क्षेत्रमा रहेका फोहोर व्यवस्थापन गर्ने सम्बन्धी पहिलो निर्णय पनि गरेका छन् । आइतबार सिंहदरबारमा पदभार ग्रहण गर्ने क्रममा उनले पहिलो निर्णयमा हिमाली क्षेत्रको फोहोर व्यवस्थापन गर्नेबाट सुरु गरेका हुन् । नवनियुक्त पर्यटनमन्त्री सिन्हाले आफू कुनै पनि खालको दबाब लिने पक्षमा नरहेको बताए ।

आफू मातहतका संस्थाहरूको नेतृत्व चयन प्रक्रिया सोही संस्थाको हितमा केन्द्रित हुने किसिमले गर्ने जानकारी गराउँदै उनले कसैको दबाब र प्रभावमा परेर आफूले संस्थाहरूको नेतृत्व नियुक्ति नगर्ने बताए। सञ्चारमाध्यमहरूले दिने सूचना आफ्नो कार्य सम्पादनमा प्राथमिकतामा पर्ने धारणा राख्दै मन्त्री सिन्हाले भने, 'मलाई नियुक्ति गरिदेऊ भन्ने दबाब पनि छैन, दबाब लिनेवाला पनि छैन, तर जे गर्छु, सबै संस्थाको हितमा हुनेगरी काम गर्छु ।'

हिमाली क्षेत्रमा रहेका फोहोर व्यवस्थापन गर्ने सम्बन्धी पहिलो निर्णय गर्दै उनले अदालतले समेत सो विषयमा आदेश दिइसकेकाले त्यसलाई कार्यान्वयनमा लैजाने कार्यनीति स्वीकृत गर्ने निर्णय आफूले गरेको धारणा राखे ।

'हिमाली क्षेत्रमा भएका फोहोर व्यवस्थापन गर्ने त्यो आदेशको पालना गर्नका लागि जुन कार्यनीति उहाँहरूले बनाउनुभएको छ, त्यसैलाई अहिले स्वीकृति गरेको हुँ,' मन्त्री सिन्हाले भने ।

यसअघि उद्योग, कानुनलगायत तीनवटा मन्त्रालयको जिम्मेवारी सम्हाल्दै आएका मन्त्री सिन्हालाई पर्यटन मन्त्रालयको जिम्मेवारी पनि दिइएको हो । उनले आइतबार नै पर्यटन मन्त्रालयको जिम्मेवारी सम्हालेका हुन् ।

यसअघि सिन्हाले सम्हाल्दै आएको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा कुमार इमनाङलाई पठाइएको छ । यसअघि पर्यटन मन्त्रालय प्रधानमन्त्री सुशीला कार्कीले नै सम्हाल्दै आएकी थिइन् ।

नवनियुक्त पर्यटनमन्त्री सिन्हाले मन्त्रालयको जिम्मेवारी सम्हाल्दै पर्यटन क्षेत्रको विकास, हवाई सुरक्षाको सुदृढीकरण तथा सांस्कृतिक सम्पदाको संरक्षणलाई विशेष प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता जनाएका छन् ।

# नेपाल र भियतनामबीच आर्थिक सहकार्यका लागि छलफल

■ सन् २०२५ को अगस्टमा भियतनामका उपराष्ट्रपतिको नेपाल भ्रमण भएको तथा चीनमा भियतनामका राष्ट्रपति र नेपालका प्रधानमन्त्रीबीचको भेटपछि सम्बन्ध अझ बलियो बनाउन जोड

**राजधानी समाचारदाता**
काठमाडौं, २८ मंसिर

नेपाल उद्योग वाणिज्य महासंघ र भियतनामको अर्थतन्त्र मन्त्रालयअन्तर्गतको लगानी प्रवर्धन र अन्तर्राष्ट्रिय सहकार्य विभागबीच द्विपक्षीय लगानी र व्यापारका सम्बन्धमा छलफल भएको छ ।

महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल नेतृत्वको टोलीले भियतनामको लगानी प्रवर्धन र अन्तर्राष्ट्रिय सहकार्य विभागका प्रमुख होआङ थान्ह तामसँग भियतनामको हनोईमा भेटवार्ता गर्दै नेपालमा लगानीमैत्री वातावरण रहेको र लगानीका सम्भाव्य क्षेत्रमा भियतनामका लगानीकर्ताका लागि सहजीकरण गरिदिन आग्रह गरेको थियो ।

सो अवसरमा अध्यक्ष ढकालले आफूहरू भियतनामी लगानीकर्तालाई लगानीका लागि नीतिगत सहजीकरण गर्न तयार रहेको बताए ।

'नेपालमा लगानीका कयौं क्षेत्र छन्, ती क्षेत्रमा ठूलो सम्भावना पनि छ, म भियतनामी लगानीकर्तालाई नेपालमा लगानी गर्न आग्रह गर्छु, यसका लागि महासंघले सरकारसँगको समन्वय तथा सहकार्यका लागि आवश्यक सहजीकरण गर्नेछ,' अध्यक्ष ढकालले भने ।

उनले नेपालमा विशेषगरी पर्यटनअन्तर्गत होटल, रिसोर्ट केबुलकार, आरोग्य (वेलनेस) पर्यटन, जलविद्युत्, सूचना प्रविधि तथा चिया, कफी र हस्तकलाको व्यापारमा ठूलो सम्भावना रहेको उल्लेख गरे ।

नेपालले हाल भियतनामबाट धेरै आयात गर्ने र कम निर्यात गरिरहेको उल्लेख गर्दै उनले दुई देशबीचको व्यापार तथा औद्योगिक सहकार्यलाई अझ बलियो बनाउन दुवै पक्षको गहिरो चासो रहेको पनि बताए ।

भियतनामको लगानी प्रवर्धन र अन्तर्राष्ट्रिय सहकार्य विभागका प्रमुख होआङ थान्ह तामले भियतनामको आर्थिक अवस्था, प्रत्यक्ष विदेशी लगानी र लगानीका सम्भाव्य क्षेत्रबारे जानकारी दिँदै आफूहरू नेपालसँग आर्थिक कूटनीतिमार्फत सम्बन्ध बढाउन इच्छुक रहेको बताए ।

'नेपालले विभिन्न क्षेत्रमा प्रत्यक्ष विदेशी लगानी ल्याउनका लागि गरिरहेको प्रयास सराहनीय छ, हामीले निर्यातजन्य उद्योग, पर्यटन र जलविद्युत्को क्षेत्रमा काम गर्न सक्छौं,' उनले भने, 'यसका लागि नेपालमा लगानी गर्न चाहने भियतनामी लगानीकर्ताको सहजीकरणका लागि हामी तयार छौं ।'

सन् २०२५ को अगस्टमा भियतनामका उपराष्ट्रपतिको नेपाल भ्रमण भएको तथा चीनमा भियतनामका राष्ट्रपति र नेपालका प्रधानमन्त्रीबीच भेट भएको उल्लेख गर्दै आगामी दिनमा सम्बन्ध अझ बलियो बनाउनुपर्नेमा उनको जोड थियो ।

सोही अवसरमा अध्यक्ष ढकालले महासंघको आगामी चैतमा हुने अधिवेशनमा सहभागिताका लागि विभागका प्रतिनिधि तथा भियतनामका लगानीकर्तालाई निम्तो पनि दिएका थिए ।

भेटवार्ताको अवसरमा महासंघका उपाध्यक्ष हेमराज ढकालले निर्यातजन्य उद्योगमा लगानीका लागि नेपाल उपयुक्त गन्तव्य रहेको जानकारी गराउँदै लगानी र व्यापारका क्षेत्रमा भएको ठूलो सम्भावनालाई उपयोग गर्नसके दुवै देशले फाइदा लिनसक्ने बताए ।

# काठमाडौंमा मोक्सी होटल्सको आगमन

**राजधानी समाचारदाता**
काठमाडौं, २८ मंसिर




मेरियट बोनवोयअन्तर्गत सञ्चालित विश्वका ३० भन्दा बढी विशेष होटल ब्रान्डमध्ये एक मोक्सी होटल्सले काठमाडौंमा मोक्सी काठमाडौंको सुरुवात गरेको छ ।

परम्परा र आधुनिकतासँगसँगै बाँच्ने काठमाडौंको जीवन्त संस्कृति, सृजनशीलता, युवा जोश र गहिरो आध्यात्मिक शान्तिको संयोजनका कारण मोक्सीका लागि उपयुक्त थलो बनेको छ। नेपालको हस्पिटालिटी क्षेत्रमा नयाँ र साहसिक अध्यायको सुरुवात गरेको मोक्सी काठमाडौं राजधानीको सबैभन्दा चलायमान व्यावसायिक र मनोरञ्जनको थलो दरबारमार्गमा अवस्थित छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल करिब १५ मिनेटको दूरीमा भएकाले आधुनिक यात्रुहरूका लागि यो उत्कृष्ट प्रारम्भिक गन्तव्य बन्न पुगेको छ। यहाँ बस्ने अतिथिहरू युनेस्को सूचीमा समावेश दरबार स्क्वायर, आध्यात्मिक शान्तिको प्रतीकका रूपमा रहेको स्वयम्भूनाथ स्तूप (मंकी टेम्पल) र कला, संगीत, खाना तथा फेसनको अनौठो सम्मिश्रणका लागि प्रसिद्ध ठमेलका चहलपहलयुक्त बजारहरूमा सहजै पुग्न सक्छन् ।

मोक्सी काठमाडौंले अतिथिलाई आर्ट ग्यालरीदेखि इन्डी क्याफे र रूफटप लाउन्जदेखि लाइभ म्युजिक भेन्युहरूसम्म, सहरको विकसित हुँदै गएको आधुनिक परिवेशसँग अझ नजिक ल्याउँछ । शताब्दीऔं पुराना मन्दिरहरूको भ्रमण होस् वा नजिकैका ट्रेलहरूमा हाइकिङ होस् वा काठमाडौंको चलायमान नाइटलाइफमा डुबुल्की मार्न होस्, सहरलाई जिज्ञासा र स्टाइलका साथ अनुभव गर्न चाहनेहरूका लागि यो होटल उपयुक्त आधारविन्दु बन्न पुगेको छ ।


## Panauti Municipality
**Office of the Municipal Executive**
**Panauti, Kavre**
**Bagmati Province, Nepal**

**Invitation for Electronic Bids**

**Date of Publication: 2082/08/29**

The Office of the Municipal Executive, Panauti Municipality invites electronic bids from Nepalese Eligible Bidders for the following projects under National Competitive Bidding Procedures. Eligible Bidders may obtain further information from the **www.bolpatra.gov.np** and Office of the Municipal Executive, Panauti Municipality, Kavre.

| S.N. | Contract Identification No. | Description of Project | Bid Document Fee, NRs. | Bid Security Amount NRs. | Estimate Amount Without VAT and Contingency |
|---|---|---|---|---|---|
| 1 | Panauti/NCB/Works/ Ward10/2082/83/60 | Upgrading od Makaitar Kali Tourism Route | 3,000.00 | 80,000 | 27,54,853.98 |
| 2 | Panauti/NCB/Works/ Ward10/2082/83/62 | Construction Works of Ward 10 Budget Book S.N. 497,500,570, 602, 948, 953, 954 | 3,000.00 | 1,85,000 | 72,00,207.77 |
| 3 | Panauti/NCB/Works/ Ward10/2082/83/63 | Construction Works of Ward 10 Budget Book S.N. 678, 961, 962, 659, 682 | 3,000.00 | 80,000 | 26,10,168.04 |

**Panauti Municipality**


## मधेशका अधिकांश पुल निर्माण अलपत्र

**काठमाडौं/रास–** मधेश प्रदेशका रौतहट र सर्लाहीका विभिन्न ठाउँमा पुल समयमै निर्माण नहुँदा त्यस क्षेत्रका बासिन्दा सास्ती बेहोर्न बाध्य भएका छन् । पुल निर्माणका लागि ठेक्का लगाएता पनि काम हुन नसक्दा पुल निर्माण अलपत्र छ । रौतहट र सर्लाही जिल्ला जोड्नका लागि बागमती नदीमा दुईवटा पुल तोकिएको समयमा निर्माण नभई अलपत्र हुँदा यात्रु वर्षौंदेखि जोखिमपूर्ण एवं कष्टकर यात्रा गर्न बाध्य छन् ।


**निक्षेप रकम उपर हकदाबी सम्बन्धि ३५ दिने सूचना**

यस बैंकका खातावाला श्री इन बहादुर खड्काको नाति, पूर्ण बहादुर खड्काका छोरा, श्रीमती सुभा खड्काको श्रीमान, बागमती प्रदेश, भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका वडा नं. ७ मा बस्ने श्री राम बहादुर खड्काको मिति वि.सं. २०८२/०७/२९ गतेका दिन मृत्यु भएकोले एकल बचत खाता नं. ००८०१११७००००४५८ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि मृतकको छोरा श्री गंगा राम खड्काले मिति २०८२/०८/२४ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित हकदाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**सानिमा बैंक** www.sanimabank.com

सूर्यविनायक शाखा, भक्तपुर, फोन : ६६१४५१५, ६६१९३८५, ६६१९३८४
फ्याक्स : ६६१९३८५



**नेपाल निर्माण व्यवसायी महासंघ**
अनामनगर, काठमाडौं
फोन नम्बर–५७०५६११/५७०६१५९, ५७०६१८७

**कोटेशन आव्हान**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०८/२९**

यस महासंघको २६ औं साधारण सभाको अवसरमा १५ सय थान स्मारिका (Souvenir) छपाई गर्नुपर्ने भएकाले इच्छुक छापाखाना, फर्म/कम्पनीहरूले आफ्नो उद्योग दर्ता प्रमाण–पत्र, स्थायी लेखा नम्बर, करचुक्ता प्रमाण–पत्र, छपाई अनुमतिपत्र सहित १५ दिनभित्र यस महासंघमा कोटेशन पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि महासंघको सचिवालयमा सम्पर्क गर्न हुन समेत अनुरोध छ ।

(रोशन दाहाल)
महासचिव



**दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दिक्तेल, खोटाङ

**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना।**

प्रथम पटक प्रकाशित मिति: २०८२/०८/२९

यस कार्यालयद्वारा तपसिल अनुसारको निर्माण कार्यहरू तथा मालसामानहरू खरिद सिलबन्दी दरभाउपत्र खरिद प्रक्रिया e-GP को माध्यमबाट मात्र गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली दरभाउपत्रदाताहरुका लागि लागि सिलबन्दी दरभाउपत्र कागजातमा उल्लेखित शर्तहरूको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ। यस सम्बन्धी सम्पूर्ण कुराहरू बुझ्नको लागि यस कार्यालयको वेब साईट http://www.rupakotmajhuwagadhimun.gov.np, सार्वजनिक खरिद अनुगमन कार्यालयको वेब साईट https://www.bolpatra.gov.np/egp, यस कार्यालयको सूचना पाटी तथा कार्यालय समयमा सम्बन्धित शाखाहरूमा सम्पर्क गर्न सकिनेछ।

**दरभाउपत्र सम्बन्धी विवरण**

| सि. नं. | ठेक्का नं. | दरभाउपत्रको विवरण | सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्रखोल्ने मिति र समय | लागत अनुमान रकम रु.(भ्याट, कन्टिन्जेन्सि बाहेक) | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र फारम खरिद दस्तुर रु. | मान्य अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १. | 03/DRMM/ SQ/W/2082/083 | Construction of Agricultural Product Storage Building at Buipa. | २०८२/०९/१६ दिनको १२:०० बजे सम्म | २०८२/०९/१६ दिनको १६:०५ बजे | १२,५५,३७३।९९ | ३५,०००।- | १,०००।- | ४५ दिन |
| २. | 04/DRMM/ SQ/W/2082/083 | Ratnapark-Ward Office Bamrang-DalleDobhan Road Upgradation Works. | २०८२/०९/१६ दिनको १२:०० बजे सम्म | २०८२/०९/१६ दिनको १६:१५ बजे | १७,२८,१३७।७० | ५०,०००।- | १,०००।- | ४५ दिन |
| ३. | 03/DRMM/ SQ/G/2082/083 | Procurement of different types of Office goods. | २०८२/०९/०६ दिनको १२:०० बजे सम्म | २०८२/०९/१६ दिनको १६:३० बजे | - | ५०,०००।- | १,०००।- | ४५ दिन |
| ४. | 04/DRMM/ SQ/G/2082/083 | Procurement of Agricultural Machineries and materials. | २०८२/०९/०६ दिनको १२:०० बजे सम्म | २०८२/०९/१६ दिनको १६:४० बजे | - | ५५,०००।- | १,०००।- | ४५ दिन |
| | | **बैंक विवरण** | बोलपत्र फारम खरिद दस्तुर जम्मा गर्ने प्रयोजनका लागि: Rastriya Banijya Bank, Diktel Branch, Khotang **Name of Account:** DIKTEL NA.PA.(GA-1-1)-AANTARIK RA **Account No.:** 2060100301010003 | | | बोलपत्र जमानत नगद जम्मा गर्ने प्रयोजनका लागि: Rastriya Banijya Bank, Diktel Branch, Khotang **Name of Account:** DIKTEL NA.PA.(GA-3)-DHARAUTI ACCOUN **Account No.:** 2060100303000003 | | |

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रभु महालक्ष्मी लाइफद्वारा ‘ई–पोलिसी लोन सेवा’ सुरु

**राजधानी समाचारदाता**
काठमाडौं, २८ मंसिर

प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सले डिजिटल माध्यमबाट बिमालेख धितो राखी ऋण लिन पाइने सेवा ‘ई-पोलिसी लोन’ सुरुवात गरेको छ।

आइतबारबाट स्थापनाको ८ वर्ष पूरा गरी नवौं वर्षमा प्रवेश गरेको अवसरमा कम्पनीले यो सेवा सुरुवात गरेको हो। विविध कार्यक्रम गरी कम्पनीले आइतबार नवौं वार्षिकोत्सव मनाएको जनाएको छ।

वार्षिकोत्सवका अवसरमा कम्पनीले सञ्चालनमा ल्याएको ‘ई-पोलिसी लोन’ सेवा कम्पनीका सञ्चालकहरू वीरेन्द्रजंग पाण्डे, सम्झना अर्याल, सुसन शेरचन, शम्सेर पराजुली, भावना बलायर, प्रमुख कार्यकारी अधिकृत (सीईओ) सन्तोष प्रसाईं र कम्पनीका ब्रान्ड एम्बेसडर मनोज गजुरेलले संयुक्त रूपमा शुभारम्भ गरेका हुन्।



आइतबार राजधानीमा आयोजित सेवा शुभारम्भ कार्यक्रममा कम्पनीका सीईओ प्रसाईंले ‘ई-पोलिसी लोन’ ‘डिजिटल रूपान्तरणको पाइला’का रूपमा यस कम्पनीले बिमा क्षेत्रलाई आधुनिक प्रविधि अपनाएर अघि बढाएको बताए। उनले जुनसुकै स्थानबाट सहज सेवा प्रवाह गर्न ‘ई-पोलिसी लोन’ सेवा सञ्चालनमा ल्याइएको जानकारी गराए।

कम्पनीका अनुसार ‘ई-पोलिसी लोन’ सेवा लिनका लागि बिमालेख कम्तीमा ३ वर्ष पूरा भएर ३ वर्षको बिमाशुल्क बुझाएको र बिमालेख चालू रहेको हुनुपर्नेछ। जसका लागि केवाईसी तथा बैंक खाता अद्यावधिक भएको हुनुपर्नेछ।

‘ई-पोलिसी लोन’ सेवा प्रभु महालक्ष्मी लाइफको वेबसाइट तथा एप दुवैमा उपलब्ध रहेको सो कम्पनीले जनाएको छ। ‘ई-पोलिसी लोन’का साथै एआई च्याटबट, डायनामिक क्यूआर, लगइन पोर्टल पनि सुरु गरिएको कम्पनीले जनाएको छ।

यसै गरी, वार्षिकोत्सवका अवसरमा प्रभु महालक्ष्मी लाइफले आइतबार तिखेदेवलमा निःशुल्क मुटुरोग जाँच शिविर सञ्चालन गरेको जनाएको छ। सो शिविरबाट ५ सयभन्दा बढी स्थानीयवासी लाभान्वित भएको कम्पनीले जनाएको छ।

ललितपुर महानगरपालिका-१४ को कार्यालय परिसरमा सञ्चालित शिविरमा ओम अस्पतालका विशेषज्ञ डा. दिवाकर पराजुलीको नेतृत्वमा रहेको १० सदस्यीय चिकित्सक टोलीले बिरामीको मुटुको स्वास्थ्य परीक्षण गरेका थिए।

शिविरमा सहभागीलाई निःशुल्क औषधिसमेत वितरण गरिएको कम्पनीले जनाएको छ।

यससँगै प्रभु महालक्ष्मी लाइफले देशभरका १ सय १५ शाखा तथा उपशाखा कार्यालयमा विभिन्न कार्यक्रम गरी वार्षिकोत्सव मनाएको बताएको छ।

# सूर्यज्योति लाइफको बोनसदर सार्वजनिक

**काठमाडौं/रास–** सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीले आर्थिक वर्ष २०८१/८२ को बिमांकीय मूल्यांकन प्रतिवेदनका आधारमा नयाँ बोनसदर सार्वजनिक गरेको छ।

नेपाल बिमा प्राधिकरणले स्वीकृत गरेको बिमांकीय मूल्यांकन प्रतिवेदनका आधारमा कम्पनीले नयाँ बोनसदर सार्वजनिक गरेको सो कम्पनीले जनाएको छ।

कम्पनीका अनुसार स्वीकृत बिमांकीय मूल्यांकनअनुसार कम्पनीले सावधिक जीवन बिमा योजनाहरूमा न्यूनतम ४० देखि ७५ रुपैयाँसम्म बोनस दिने भएको छ।

साथै, सावधिक तथा आजीवन जीवन बिमा योजनाहरूमा न्यूनतम ४० देखि ७५ रुपैयाँ, अग्रिम भुक्तानी सावधिक जीवन बिमा योजनाहरूमा न्यूनतम ४२ देखि ६० रुपैयाँ, वार्षिक अग्रिम भुक्तानीमा न्यूनतम ३८ देखि ४७ रुपैयाँ र चौरासी पूजा जीवन बिमा योजनाहरूमा न्यूनतम ४५ देखि ९० रुपैयाँसम्म बोनस दिने भएको छ।

बिमा क्षेत्रमै पहिलो ऐतिहासिक सफल मर्जर गरेको सूर्यज्योति लाइफ इन्सोरेन्स कम्पनीले समयसापेक्ष प्रविधि तथा सेवाहरूमा उत्कृष्टता दिँदै छोटो समयमै उल्लेखनीय उपलब्धिहरू हासिल गरिसकेको जनाएको छ।

कम्पनीले जीवन बिमा क्षेत्रमै पहिलो सर्वाधिक ३५ घातक रोगहरूविरुद्ध ५० लाख रुपैयाँसम्मको उपचार खर्चको सुविधा प्रदान गर्ने एक मात्र पहिलो कम्पनी बन्दै आईएसओ ९००१-२०१५ द्वारा विभूषित भएको एक मात्र जीवन बिमा कम्पनी बन्न सफल पनि भएको बताएको छ।

# बुटवलमा यामाहा नेपालको नयाँ ‘ब्लु स्क्वायर’

**काठमाडौं/रास–** यामाहा नेपालले बुटवलमा आफ्नो नयाँ यामाहा ‘ब्लु स्क्वायर’ शोरुमको सुरुवात गरेको छ। जसको सञ्चालन बाइकर्ज बुटवल प्रालिले गर्ने भएको छ। यो अत्याधुनिक सुविधा यामाहाको राष्ट्रव्यापी विस्तार रणनीतिमा एक महत्त्वपूर्ण माइलस्टोन भएको सो कम्पनीले जनाएको छ। जसले लुम्बिनी प्रदेशमा यामाहाको प्रिमियम शोरुम र सेल्स उपस्थितिलाई मजबुत बनाउनुका साथै ग्राहक अनुभवलाई पनि उच्च बनाउनेछ।



उद्घाटन समारोहमा यामाहा मोटर इन्डिया सेल्स प्रालिका निर्देशक हिरोशी सेतोगवा सान, एमएडब्लू ग्रुप अफ कम्पनिजका प्रबन्ध निर्देशक विष्णुकुमार अग्रवाल, यामाहा मोटर इन्डिया सेल्स प्रालिका जीएम-एक्सपोर्ट मार्केटिङ वाईएमआईएस राजदीप सिंह ग्रेवाल सान र एमएडब्लू राइडर्स प्रालिका कार्यकारी निर्देशक एवं सीईओ दीपककुमार अग्रवालको उपस्थिति रहेको थियो। नयाँ ब्लु स्क्वायर शोरुम यामाहाको विश्वव्यापी प्रिमियम सेल्स पहिचानलाई प्रतिबिम्बित गर्न डिजाइन गरिएको हो। यसमा ब्रान्डको सम्पूर्ण थ्री एस पूर्वाधार सेल्स, सर्भिस र स्पेयर पार्ट्सको सुविधा रहेको छ।

# एलजीद्वारा लन्ड्री लाउन्ज सञ्चालन

**काठमाडौं/रास–** सीजी इलेक्ट्रोनिक्सले आफ्नो साझेदार क्लासी क्लिनसँग मिलेर नेपालकै पहिलो लन्ड्री लाउन्ज काठमाडौंको कार्यविनायक भैंसेपाटीमा सञ्चालनमा ल्याएको छ। लन्ड्री लाउन्ज भनेको एलजीका प्रोफेसनल-ग्रेड वासर र ड्रायरमा आधारित एक आधुनिक व्यावसायिक लन्ड्रोम्याट अवधारणा हो।

एलजी लन्ड्री लाउन्जले अत्याधुनिक एलजी प्रोफेसनल उपकरणहरू र आकर्षक भिजुअल पहिचानलाई एकैठाउँमा समेट्दै लन्ड्रोम्याटको नयाँ र नवीन अनुभव प्रदान गर्छ। यो साझेदारीमा आधारित लन्ड्रोम्याट मोडलले पूर्ण व्यावसायिक समाधान उपलब्ध गराउनुका साथै ग्राहकलाई आकर्षित गर्छ।

यस लन्ड्री लाउन्जको सञ्चालन सीजीको साझेदार क्लासी क्लिनले गरिरहेको छ। यसमा एलजी कमर्सियल लन्ड्री सिस्टम जडान गरिएको छ। जसले उच्च गुणस्तरीय र प्रोफेसनल धुने तथा सुकाउने सेवा प्रदान गर्छ।

# गोरखा ब्रुअरी–खालीसिसी सहकार्य

**काठमाडौं/रास–** गोरखा ब्रुअरी/कार्ल्सबर्ग समूहले देशभरका व्यावसायिक स्थानलाई जोड्दै बोतलको पुनःप्रयोग प्रक्रियालाई सहज बनाउने उद्देश्यसहित नयाँ अभियान अघि सारेको छ। ‘नेभर लिभ ए बोटल बिहाइन्ड’ भन्ने मूल नारासहित खालीसिसीसँगको सहकार्यमा सुरु गरिएको यस अभियानले कम्पनीलाई जिम्मेवार ‘रिसोर्स म्यानेजमेन्ट’तर्फ उन्मुख गराउने कम्पनीले जनाएको छ।

अभियानअन्तर्गत खालीसिसीले बार र रेस्टुरेन्टहरूसँग प्रत्यक्ष समन्वय गर्दै प्रयोग भइसकेका सिसाका बोतललाई व्यवस्थित रूपमा संकलन, छुट्याउने र पुनःप्रयोगको प्रक्रियामा पठाउनेछ।


**एनएमबि बैंक लिमिटेड,**
**बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०**
**हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**
**प्रकाशित मितिः २०८२/०८/२९**

यस बैंकको निक्षेपकर्ता श्री श्री भक्त राईको नाति, श्री तेज बहादुर राईको छोरा ईलाम जिल्ला, ईलाम न.पा. वडा न. ५ सुम्बेक स्थाई ठेगाना हाल ईलाम जिल्ला, ईलाम न.पा वडा नं २ बस्ने वर्ष ४५ को श्री **राज कुमार राई** (ना.प्र.नं. ६६९११-३२२, जारी मिति २०५९/०९/१५, ईलाम) को मिति २०८२/०५/०१ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरकी श्रीमती उर्मिला राईले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको श्रीमती उर्मिला राईको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



# RATE OF INTEREST
(with effect from 16th December, 2025)

| SAVING DEPOSITS (NPR) | | | % per annum |
|---|---|---|---|
| Basic Savings | | | 2.76 |
| Payroll Savings | | | 2.80 |
| Premium Savings | | | 3.00 |
| Remittance Savings | | | 4.00 |
| **Term Deposits (NPR) - % per annum** | **Institutions** | **Personal** | **Personal-Remittance** |
| 3 months - Below 6 months | - | 3.00 | 4.00 |
| 6 months - Below 1 year | 2.75 | 3.00 | 4.00 |
| 1 year - Below 2 years | 2.75 | 3.50 | 4.50 |
| 2 years - Below 5 years | 3.00 | 4.00 | 5.00 |
| 5 years and above | 3.50 | 4.75 | 5.75 |
| Recurring Deposits (upto 5 years) | - | 4.00 | - |
| **FCY DEPOSITS - % per annum** | **Savings** | **Individual Term** | **Institutional Term** |
| USD Saving Deposits | 2.50 | - | - |
| USD Term Deposits | | | |
| Below 1 year | - | 3.25 | 3.00 |
| 1 year - Below 2 years | - | 3.50 | 3.25 |
| 2 years and above | - | 3.75 | 3.50 |
| EUR Deposits | 1.50 | 3.00 | 2.00 |
| GBP Deposits | 1.50 | 3.00 | 2.00 |
| AUD Deposits | 1.50 | 3.00 | 2.00 |

**LOANS AND ADVANCES (NPR)**

Premium rates on Loan and Advances (NPR) remains unchanged and is available in our website.

Fixed Rate for Home Loans, Home Equity Loans, Education Loans, Auto Loans, Personal Loans and Term Loans for upto 15 years will be 7.99% - 11.99%

Note:

* Interest rate on Call & Saving accounts will be calculated on daily basis and paid quarterly. Interest rate on Fixed deposit can be paid monthly.
* Interest rates on Call accounts are negotiable (Maximum up to 50% of lowest saving rate of respective currency) and subject to change based on market conditions. Please contact any of our branches for details.
* Average Base Rate (Bhadra, Ashwin, Kartik 2082) is 5.88%.
* LCY Spread Rate for Kartik 2082 is 3.53%.

* Conditions Apply

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४/४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com



**धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, हरिवन शाखाको २१ दिने सार्वजनिक सूचना ।।**

(प्रकाशित मिति : २०८२/०८/२९ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८२ साल आश्विन महिना २४ गतेको "सौर्य दैनिक" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा शाखा कार्यालय हरिवनमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल:**

**ऋणीको नाम, थर र ठेगाना :**

ठगा राय यादवको नाती, राम चन्द्र राय यादवको छोरा, सर्लाही जिल्ला, सु.चु गा.वि.स./न.पा. वडा नं. ४ बस्ने **जय नारायण यादव** ।

**व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :**

प्रेम शंकर रायको छोरी, जय नारायण रायको श्रीमती, सर्लाही जिल्ला, सु.चु. गा.वि.स./न.पा. वडा नं. ४ बस्ने **संगिता कूमारी राय** ।

**धितो सुरक्षणको विवरण :**

१. **जय नारायण यादव**को नाममा मालपोत कार्यालय सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला, सु. चु. गा.वि.स./न.पा. वडा नं. ४ को कित्ता नं. १३८ र ४७७ को क्रमशः ०-५-१० र ०-२-११ (वि-क-धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२. **जय नारायण यादव**को नाममा मालपोत कार्यालय सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला, सु. चु. गा.वि.स./न.पा. वडा नं. ६क को कित्ता नं. ६०३ को ०-४-४१/४ (वि-क-धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

३. **जय नारायण यादव**को नाममा मालपोत कार्यालय सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला, सु. चु. गा.वि.स./न.पा. वडा नं. ६ख को कित्ता नं. २९८ र ४८० को क्रमशः ०-३-० र ०-२-५ (वि-क-धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा हरिवन शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको २:३० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा हरिवन शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन । (सोमा कुनै व्याज रकम प्रदान गरिने छैन)
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **मिति २०८२ साल पौष महिना २० गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८२ साल पौष महिना २२ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको २:३० बजे ।**

सानिमा बैंक
www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com



Government of Sudurpaschim Province
Ministry of Physical Infrastructure Development
**Water Supply and Sanitation Division Office**
Dadeldhura

**INVITATION FOR BID (IFB)**

(First date of publication: Dec. 15, 2025 (2082 Mangshir 29))

1. Water Supply and Sanitation Division Office, Dadeldhura invites open competitive bidding from eligible bidders for the procurement of the following Goods under National Competitive Bidding (NCB):

| S. N. | Contract ID | Description | Estimated Amount (with VAT) (NRs.) | Price of Bid Document (NRs.) | Bid Validity/ Bid Bond Validity | Bid Security/ Bid Bond (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | WSSDO/DADELDHURA/ NCB/GOODS/ 04/2082-83 | Supply and Delivery of GI Pipe, Miscellaneous Fittings, and Other Items for Various Water Supply Projects of Dadeldhura District | 2861719.34 | 3000 | 90/120 days | 75000 |
| 2 | WSSDO/DADELDHURA/ NCB/GOODS/ 05/2082-83 | Supply and Delivery of GI Pipe, Miscellaneous Fittings, and Other Items for Various Water Supply Projects of Bajhang District | 5940048.40 | 3000 | 90/120 days | 150000 |

2. Bidders can only apply bid electronically through PPMO's e-GP system www.bolpatra.gov.np/egp.

**Division Chief**

का.जि.प्र.का.द.नं. १०३/०४०/४१, म.क्षे.हु.नि.द.नं. २४/२०६९/०७०

# खेलकुद वाटिका

राजधानी
www.rajdhanidaily.com

सोमबार २९ मंसिर २०८२

Monday 15 December 2025

## बार्सिलोनालाई ७ अंकको अग्रता

राफिन्हाको २ गोलको मद्दतले बार्सिलोना 'स्पेनी ला लिगा'मा ओसासुनामाथि २-० को जित निकालेसँगै शीर्षस्थानमा ७ अंकको अग्रतामा पुगेको छ । ब्राजिली विङ्गरले ७० र ८६औं मिनेटमा गोल गरे । बार्सिलोनाले १७ खेलबाट ४३ अंक बटुलेको छ ।



# मेस्सीलाई हेर्न विवाहसमेत छोडेर आए 'फ्यान', तर निराश भएर फर्किए

**राजधानी समाचारदाता**
काठमाडौं, २८ मंसिर

लियोनेल मेस्सीको भारत भ्रमणअन्तर्गत कोलकाता चरण शनिबार अराजकता र हंगामामा परिणत भयो । हजारौं रुपैयाँको टिकट किनेका फ्यानले मेस्सीको झलकसमेत पाउन सकेनन् । यसपछि तीव्र निराशा छाएको फ्यानले आफ्नो टिकटको क्षतिपूर्ति दिन साल्ट लेक स्टेडियमको कार्पेट आफ्नो काँधमा बोकेर घर गए । त्यही भीडमा एक फ्यान थिए, जो मेस्सीलाई हेर्न आफ्नो विवाहबाट निस्केका थिए, तर उनी निराश बन्नुपर्‍यो ।



**कोलकातामा अराजकता : केही मिनेटमै कार्यक्रम सकियो**

मेस्सी कोलकाताको साल्ट लेक स्टेडियममा आइपुग्नेबित्तिकै अवस्था बिग्रियो । चर्को टिकट मूल्य तिरेका दर्शकका आशा त्यतिबेला चकनाचुर भए, जब मैदानमा प्रवेश गर्दा मेस्सीलाई राजनीतिक नेता, विशिष्ट व्यक्ति र सुरक्षाकर्मीसहित सयभन्दा बढी मानिसले घेरेका थिए । फलस्वरूप 'स्ट्यान्ड'मा रहेका फ्यानले फुटबलका 'सुपरस्टार' मेस्सीको झल्कोसमेत पाउन सकेनन् । परिस्थिति नियन्त्रणबाहिर गएको देखेर मेस्सीलाई केही मिनेटमै मैदानबाट बाहिर निकालियो । त्यसपछिको क्रोध हिंसामा परिणत भयो । बोतल र कुर्सी फ्याँकिए, ब्यानर च्यातिए र भौतिक सामग्रीमा क्षति पुर्‍याइयो ।

**फ्यानले लगे कार्पेट**

यही अराजकताबीच एक फ्यानले आफ्नो काँधमा स्टेडियमको कार्पेट बोकेको देखाइएको भिडियो 'भाइरल' भइहेको छ । एक रिपोर्टरको प्रश्नको जवाफमा, ती फ्यानले भने, 'मैले टिकटका लागि १० हजार रुपैयाँ तिरेको थिएँ, तर मैले मेस्सीको अनुहार पनि देख्न पाइनँ, मैले राजनीतिज्ञको अनुहार मात्र देखें, त्यसैले म यो कार्पेट अभ्यास गर्न घर लैजाँदै छु ।' ती फ्यानको यो भनाइ कार्यक्रमको असफलताबाट उत्पन्न भएको गहिरो निराशाको प्रतीक बन्यो ।

**आफ्नै विवाह छोडेर आए**

भीडबाट अर्को हृदयविदारक कथा हृदयस्पर्शी थियो । एक फ्यानले आफ्नो विवाह त्यही दिन हुने तय भएको बताए । तर, उनी मेस्सीलाई हेर्न सबै छोडेर आए । पीटीआईसँग कुरा गर्दै ती फ्यानले भने, 'कोलकाताका सबैलाई थाहा थियो कि मेस्सी आउँदै छन्, मेरो विवाह थियो, तैपनि म मेस्सीलाई हेर्न आएको थिएँ, यसका बावजुद मेरो अपेक्षा पूरा भएन ।' ती फ्यानले 'मेस्सीको उपस्थिति मात्रले पनि आनन्द दिने तर कार्यक्रमबाट निराशाको अपेक्षा भने नगरेको' बताए ।

त्यस्तै, कोलकाताको अराजकताको ठीकविपरीत हैदराबादमा 'गोट टुर'को दोस्रो चरण सकारात्मक रह्यो । राम्रो तयारी, ठोस योजना र अनुशासनले कार्यक्रमलाई सफल बनायो । राजीव गान्धी अन्तर्राष्ट्रिय रंगशाला लगभग खचाखच भरिएको स्ट्यान्डबीच मेस्सीले आफ्नो सीप प्रदर्शन गरे र दर्शकलाई मोहित पारे । साँझ ५:४० बजे आइपुगेका मेस्सीलाई तेलंगनाका मुख्यमन्त्री रेवन्त रेड्डीले ताज फलकनुमा दरबारमा स्वागत गरे । मेस्सी हरियो टी-सर्ट, कालो पाइन्ट र कपडाका स्पोर्ट्स जुत्तामा आइपुग्दा स्टेडियम तालीले गुन्जियो ।

मेस्सी हैदराबादमा लगभग १ घण्टा आरामदायी देखिए, कोलकातामा उनले देखेको 'नर्भस' र कडा वातावरणको एकदमै विपरीत । यो तुलनाले भीड व्यवस्थापन र सुरक्षा कति महत्त्वपूर्ण छ भनेर स्पष्ट रूपमा देखायो । एउटै भ्रमणमा दुई सहर, दुई अनुभव र प्रशंसकका लागि दुई पूर्ण रूपमा फरक सम्झना मेस्सीभित्र कैद भए ।

■ ओलम्पिक सोलिडारिटी टेक्निकल कोर्स सम्पन्न

# उसु विकास मात्र नभएर नतिजामै प्रभाव पार्ने विश्वास



**राजधानी समाचारदाता**
काठमाडौं, २८ मंसिर

अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीसँगको सहकार्यमा पाँचदिने 'ओलम्पिक सोलिडारिटी राष्ट्रिय उसु प्रशिक्षक टेक्निकल कोर्स' सम्पन्न भएको छ ।

अन्तर्राष्ट्रिय उसु जगत्मै पहिलोपटक नेपालमा आयोजना भएको कोर्स काठमाडौं डल्लुस्थित अर्थ क्विक मेमोरियल मल्टिपर्पोज कभर्डहलमा अघिल्लो साता आइतबारबाट सुरु भएर बिहीबार सकिएको हो ।

नेपाल उसु महासंघले अन्तर्राष्ट्रिय प्रतियोगितामा समेत पदक ल्याउने सम्भावना कोर्सबाट प्राप्त भएको जनाएको छ । महासंघका महासचिव लाक्पा छिरिङ लामाका अनुसार कोर्सले नेपालमा उसुको खेल विकासमा टेवा पुर्‍याउने विश्वास गर्न सकिन्छ । नेपाल उसु महासंघको आयोजनामा भएको 'सोलिडारिटी राष्ट्रिय उसु प्रशिक्षक टेक्निकल कोर्स'मा सात प्रदेश र विभागीय टिम गरी ६५ प्रशिक्षक सहभागी थिए । उसुको थाउलु विधाका प्रोफेसर लिन छाउमिन र सान्दाका एई उईले प्रशिक्षण दिएका हुन् ।

समापन समारोहमा उसुको थाउलु विधाका प्रोफेसर लिन छाउमिनले यस सिकाइको मद्दतबाट नेपालमा उसु खेलको विकास मात्र नभएर अन्तर्राष्ट्रिय जगत्मा समेत गतिलो प्रभाव पार्ने विश्वास व्यक्त गरे ।

अर्को वर्ष जापानको नागोयामा हुने २०औं एसियाली खेलकुदमा उसु खेलको मुख्य निर्णायकको भूमिकामा रहने प्राविधिक विज्ञद्वारा प्रशिक्षण दिइएको हो ।

# तेस्रो महिला गोल्डकपका लागि इलाममा टुँडिखेल बनाइँदै

**भगीरथ भण्डारी/राजधानी**
इलाम, २८ मंसिर

तेस्रो संस्करणको अन्तर्राष्ट्रिय आमन्त्रित महिला गोल्डकप फागुनमा आयोजना गर्नेगरी तयारी भइरहेको छ । मिति तोकिन बाँकी रहे पनि फागुनमै आयोजना गरिने व्यवस्थापन भइरहेको छ ।



गोल्डकपका लागि ठूलो टुँडिखेलमा दुबो रोपेर हरियो बनाइएको छ । गत जेठदेखि नै दुबो रोपेर प्रतियोगिताका लागि मैदान नरम बनाउने काम भइरहेको आयोजक ओएसिस फुटबल क्लबले जनाएको छ । माटोको मैदानमा प्रतियोगिता आयोजना गर्दा खेलाडीलाई समस्या हुने भएपछि दुबो लगाइएको हो ।

क्लब सचिव रोशन राईका अनुसार दुबो जगाउन दिनहुँ सिँचाइ गर्ने, मल हाल्ने, आवश्यक ठाउँमा बालुवा हाल्नेजस्ता काम भइरहेको छ । 'यसपटक गत वर्षभन्दा भव्य रूपमा प्रतियोगिता आयोजना गर्ने तयारी हुँदै छ,' उनले भने, 'पहिलो काम त मैदान सजिलो बनाइएको छ, दिनहुँ मल र सिँचाइ गरेर दुबो जगाइएको छ, कटिङ र गोडमेल हुँदै छ ।'

ओएसिस र इलाम गोल्डकप आयोजक रेडहर्स फुटबल क्लबले मैदान मर्मत गरिरहेका हुन् । अहिलेसम्म करिब ८ लाख रुपैयाँ खर्च भइसकेको राईले जानकारी दिए । गत वर्षभन्दा यस वर्ष उत्कृष्ट टिमसमेत ल्याउने तयारी भइरहेको उनी बताउँछन् । 'साफ च्याम्पियनसिप खेल्ने टप ४ टिम ल्याउन सम्पर्क गरिरहेका छौं,' राईले भने, 'भुटानको ट्रान्सपोर्ट युनाइटेड आउने पक्का भएको छ, बंगालदेशको टप टिमसँग सम्पर्क भइरहेको छ, नेपालका पनि उत्कृष्ट टिम आउनेछन् ।'

प्रतियोगिताको पुरस्कार राशि गत वर्षभन्दा केही बढाउने तयारीसमेत भइरहेको छ । गत वर्ष विजेतालाई नगद ४ लाख र उपविजेतालाई २ लाख रुपैयाँ दिइएको थियो । प्रतियोगिताका लागि आर्थिकलगायत व्यवस्थापनका काम धमाधम भइरहेको छ ।




# त्रिभुवन विश्वविद्यालयमा 'हिमालयन रिम क्षेत्रीय चलचित्र' प्रदर्शनी सुरु

**राजधानी समाचारदाता**
काठमाडौं, २८ मंसिर




कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयमा 'हिमालयन रिम क्षेत्रीय चलचित्र प्रदर्शनी २०२५' सुरु भएको छ । हिमालयन रिम फिल्म एक्जिबिसनले क्षेत्रीय सांस्कृतिक पहलका रूपमा नेपालमा पहिलोपटक प्रदर्शनी आयोजना गरेको हो । प्रदर्शनीले चिनियाँ एनिमेसन र डिजिटल सिर्जना सीमापार सांस्कृतिक संवादका रूपमा प्रस्तुत गरेको छ ।

'सभ्यतागत पारस्परिक सिकाइ, प्रविधिगत नवप्रवर्तन' नारासहित आयोजित प्रदर्शनमा सिर्जनात्मक कार्यशाला, सांस्कृतिक प्रदर्शनी तथा अन्तर्क्रियात्मक छलफल समेटिएका छन् ।

यस प्रदर्शनीको मुख्य लक्ष्य विश्वविद्यालयका विद्यार्थीलाई चिनियाँ प्रविधि र नवप्रवर्धनबारे जानकारी दिने र साक्षात्कार गराउने हो । त्रिभुवन विश्वविद्यालय आमसञ्चार तथा पत्रकारिता विभागमा आयोजित कार्यक्रम उद्घाटन सत्र आधुनिक प्रविधिमैत्री प्रस्तुतीकरणबाट सुरु भएको छ । एआई (कृत्रिम बुद्धिमत्ता) प्रविधिबाट तयार गरिएको प्रवर्धनात्मक छोटो चलचित्र प्रदर्शनपछि पूर्ण रूपमा एआईद्वारा निर्माण गरिएको एनिमेटेड सर्ट फिल्म 'द स्पिरिट अफ द माउन्टेन्स' देखाइयो ।

चिनियाँ अमूर्त सांस्कृतिक सम्पदाअन्तर्गत 'क्वानसिङ तुओ' (पूर्ण आकारको रबिङ कला) प्रविधिबाट प्रेरित सो चलचित्रले परम्परागत सांस्कृतिक रूपलाई एआई प्रविधिमार्फत 'कसरी पुनर्व्याख्या गर्न सकिन्छ ?' भन्ने स्पष्ट सन्देश दिएको छ । चलचित्रका निर्देशक पाङ जियाले भिडियो लिंकमार्फत कार्यक्रममा सहभागिता जनाउँदै एआई आधारित दृश्य निर्माण प्रक्रियाबारे जानकारी गराए । निर्माता जुनयान ह्वाङले विद्यार्थीसँग प्रत्यक्ष प्रश्नोत्तर सत्रमा सहभागी हुँदै कार्यक्रम अझ जीवन्त बनाइएको थियो । यस्तो अन्तर्क्रियाले उल्लेखनीय उत्सुकता र रोमाञ्चकता सिर्जना गरेको कार्यक्रममा सहभागी विद्यार्थीले बताए ।

सोही अवसरमा 'द लिजेन्ड अफ हेई २' प्रदर्शन गरिएको थियो, जसले ठूलो संख्यामा विद्यार्थीलाई आकर्षित गरेको पाइयो । 'गतिशील स्टोरीबोर्ड प्रि-भिजुअलाइजेसन' प्रविधि प्रयोग गरिएको चलचित्रले मानिस र पर्वत, जल, वन, ढुंगा तथा जनावरलाई प्रतीकात्मक रूपमा प्रस्तुत गर्ने पात्रबीचको सहअस्तित्वको कथा बताउँछ ।

प्रकृति र मानवबीचको सामञ्जस्यता केन्द्रमा राखिएको पर्यावरणीय सन्देशले गहिरो प्रभाव पारेको अधिकांश विद्यार्थीको प्रतिक्रिया थियो । प्रदर्शनपछि आयोजित 'ब्लाइन्ड बक्स' अन्तर्क्रियात्मक गतिविधिले कार्यक्रमलाई थप उत्साहपूर्ण बनाएको थियो ।

स्व. महेन्द्र शेरचनद्वारा स्थापित राजधानी न्युज पब्लिकेशन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, सरस्वतीनगर, चाबहिल, पो.ब.नं. ८०३० काठमाडौं, फोन : ४८११०८०/४८१३०२९/३०/३१/३२, E-mail : rajdhaninews@gmail.com, अध्यक्ष : सचिन शेरचन, प्रबन्ध निर्देशक : आशिष शेरचन, सम्पादक : डिल्ली आचार्य